# परिच्छेद – एक

## १.१. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, उपदफा (१) बमोजिम कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकारमा तोके बमोजिम प्रत्येक वडाले आफ्नो क्षेत्र भित्रको खुला क्षेत्र, चोक, घाँट,पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मुल, पोखरी, तलाउ, इनार, कुवाधारा, डुंगेधारा, गुठीघर, वाटो, सडक, पुलपुलेसा, कुलो नहर, पानी घट्ट, मिल आदिको तथ्यांक संकलन गरि अद्यावधिक लागत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्यांक र सुचना सहितको वडा पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने व्यवस्था गरे बमोजिम स्थानीय तहहरुले विकासको निमित्त आफ्नो अधिकार क्षेत्र भित्रको तथ्याङ्क संकलन गरि समग्र अवस्थातथा वस्तुस्थिति झल्कने गरि वडा पार्श्वचित्र तयार गर्नुपर्ने व्यवस्था अनुसार माडी नगरपालिकाको **"वडा नं. चार ले पनी वडा पार्श्वचित्र"**तयार गरेको हो ।

त्यसैगरि विगतको स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ मा व्यवस्था भए बमोजिम लगायत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४।१।२६( सचिवस्तर) को निर्णय अनुसार स्थानीय तहहरुले विकासको निमित्त आफ्नो अधिकार क्षेत्र भित्रको तथ्याङ्क संकलन गरि समग्र अवस्था तथा वस्तुस्थिति झल्कने गरि पार्श्वचित्र तयार गर्नुपर्ने व्यवस्था भए अनुसार माडी नगरपालिकाको यस वडाले पनि आफ्नो वस्तुस्थिति झल्कने गरि **"वडा पार्श्वचित्र (Ward Profile of MaadiMunicipality) २०७४"** तयार गरेको हो ।

भरपर्दो र सहि तथ्याङकिय आधार नै वैज्ञानिक योजना पद्धति तथा विकासको जग हो । पार्श्वचित्र तयारीमा जति बढि र भरपर्दो तथ्याङक र सुचनामा आधारित हुन सक्यो त्यति नै बढि वस्तुपरक र वैज्ञानिक हुन सक्दछ । यस बस्तुनिष्ठ तथ्यलाई महशुस गरि योजना तर्जुमा प्रकियालाई सहयोगी भुमिकाको रुपमा अगाडि बढाउनका लागि प्राथमिक सुचना जस्तै सवै वडाहरुमा रहेका घरपरिवारको घरधुरी सर्भेक्षण लगायत द्धितिय सुचना संकलनमा जनगणना २०६८, साविकका गा.वि.स., नगरपालिका क्षेत्र भित्र रहेका विषयगत कार्यालयवाट प्राप्त सुचना लगायत गैर सरकारी संघ संस्थाहरुको सुचना तथा तथ्यांक संकलन गरि वडा पार्श्वचित्र तयार गरीएको छ । र सोहीअनुसार  यस वडाको वस्तुस्थिति चित्रण तथा विश्लेषण दस्तावेज तयार गरिएको छ ।

## १.२. उद्देश्य

माडी नगरपालिकाको यस  वडा न. ४ (चार) को वस्तुस्थिति चित्रण गर्ने गरि वडा पार्श्वचित्र तयार गर्नु नै यसको मुल उद्देश्य हो  ।  यस पार्श्वचित्रका अन्य विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्ः

- वडाको चिनारी गराई विद्यमान अवस्थाहरुको तथ्य चित्रण गर्ने ।
- वडाभित्रका स्रोत साधनहरुको समष्टिगत विवरण प्रस्तुत गर्ने ।
- वडाको दीर्घकालीन योजना तथा नीतिनिर्माण गर्न सहयोग पुचाउने खालको दस्तावेज तयार पार्ने ।
- वडा पार्श्व चित्रतयार पश्चात वडाको आवधिक योजना निर्माण गर्न मार्ग निर्देश गर्ने ।

- यस वडाको वारेमा भविष्यमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता, योजनाकार, संघसंस्था एवं विकासमा जिज्ञासा राख्ने व्यक्तिहरुलाई महत्वपुर्ण क्षेत्र, सम्भावना र समस्याहरुको वारेमा अवगत गराउने सामाग्रीको रुपमा प्रस्तुत गर्ने ।

## १.३. अध्ययनविधिः

वडा पार्श्वचित्र तयार गर्न निम्न अध्ययनविधि हरु अवलम्बन गरिएको छ ।

- यस वडाको पार्श्वचित्रतयार गर्दा घरधुरी सर्भेक्षण गरि तयार गरिएको छ ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४।१।२६ (सचिवस्तर) को निर्णयको साथै मन्त्रालयले तयार पारिएको ढाँचा वमोजिम तथ्यांक संकलनका लागि विभिन्न फर्म्याट र चेकलिष्टहरु तयार गरी तथ्यांक संकलन गरिएको छ ।
- राष्ट्रिय जनगणना २०६८, साविकका गा.वि.स., नगरपालिका, विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरु वाट उपलब्ध भएका द्धितिय श्रोतका तथ्यांक तथा विवरणहरु संकलन गरिएको छ ।
- साविकका गा.वि.स.हरु हाल कायम भएको वडामा रहेका द्धितिय स्तरका सुचना तथा तथ्यांक, अभिलेख, प्रकाशन एवं प्रतिवेदनहरुको तथ्यांक समावेश गरिएको छ ।
- सम्वन्धीत सबै विषयगत निकायहरु एवं साझेदारहरुसंग समय समयमा तथ्यांकको वास्तविकताको सर्न्दभका बारेमा छलफल गरि तथा विषयगत कार्यालयहरु वाट प्राप्त उपयुक्त सुचना लगायत विवरण समावेश गरिएको छ ।
- अन्य प्रकाशित प्रकाशन एंव प्रतिवेदनहरुको लेखन ढांचालाई पनि आधार लिई प्रतिवेदन लेखनको स्वरुप तयार गरि यस वडाको वडा पार्श्वचित्रतयार गरिएको छ ।

## १.४ अध्ययनढाँचाको महत्वः

विकासका प्रतिफलहरु जनसमक्ष पुऱ्याउन र सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागी स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आवश्यक हुन्छ । आजको विश्वव्यापीकरण **(Globalization)**को यूगमा समय सापेक्ष ढंगले समानूपातिक विकासका प्रकृयाहरु अगाडी बढाउन सम्बन्धित क्षेत्रको वस्तूगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तूस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरु तर्जूमा गर्न तथा विभिन्न विकासका क्रियाकलापहरु संचालन गर्न विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तूत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनूसन्धानकर्ता, योजनाकार, विकास चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व व्यापक रहेको छ ।


## १.५. अध्ययनको सिमा

वडा पार्श्वचित्र तयार गर्दा घरधुरी सर्भेक्षणलाई प्रमुख आधार मानिएको छ । यसको साथै अन्य प्रयोग हुन सक्ने आवश्यक तथ्यांकहरुको श्रोत र आधार वर्ष खुलाउन अधिकतम प्रयत्न गरिएको छ भने अर्को तर्फ राष्ट्रिय जनगणना २०६८, जिल्ला समन्वय समिति, नगरपालिकाभित्र रहेका विभिन्न कार्यालयहरुले प्रकाशन गरेका

पुस्तक तथा बार्षिक प्रतिवेदनहरु ल्गायत उपलब्ध हुन सक्ने तथ्यांकिय आधारको सिमामा रहि वडा पार्श्वचित्र तयार गरिएको छ । यसको अलवा कतिपय व्यवहारिक कठिनाईका कारण आवश्यक पर्ने सबै क्षेत्रको पर्याप्त तथ्यांक तथा सूचनाहरु प्राप्त गर्न छलफलको माध्यमलाई पनि सुचना संकलनको श्रोतको रुपमा उपयोग गरिएको छ । यसरी तयार गरिने वडा पार्श्वचित्रमा आँउदा दिनहरुमा थपिन सक्ने तथ्यांक तथा सुचनाहरु समय क्रममा अद्यावधिक गर्दै लैजानु पर्ने हुन जान्छ, जसलाई आँउदा वर्षहरुमा समिक्षा गरि आवश्यकता अनुसार अद्यावधिक गरिनु पर्छ ।

# परिच्छेद एक – वडाको परिचय

## २.१ भौगोलिक तथा राजनैतिक बनावट (Geographical & Political Structure):




माडी नगरपालिका चितवन जिल्लाको मानचित्रमा आँखाको नानि जस्तै सानो भएतापनि प्राकृतिक, सामाजिक तथा सांस्कृतिक विबिधताका लागि जिल्लामा नै विशाल वर्णनिय र सर्वश्रेष्ठ छ । समून्द्र सतहबाट न्युनतम ६३ मिटर देखि ७५० मिटर सम्मको उचाईमा रहेको माडी नगरपालिकाको मौसम उष्ण तथा समशितोष्ण खालको रहेको छ । यस नगरपालिकामा तापक्रम न्यूनतम ८.३८ डिग्री से. अधिकतम ४१ डिग्री से. र वर्षा ५८६ मि.मि.सम्म हुने गरेको छ । हाल ९ वटा वडामा रुपान्तरीत यो नगरपालिका साबिकका ४ गा.बि.स गर्दी, माडी कल्याणपुर, बघौडा र अयोध्यापुरी को समुष्ठ रुप हो । साबिकको बघौडा गाविसमा रहेका १,४, र ७ वडाहरुको समिश्रित रुप नै हाल माडी नगरपालिकाको वडा नं ४ हो । यस वडाले माडी नगरपालिकाको २१८.२४ वर्ग कि.मी मा जम्मा १८.७९ वर्ग कि.मी ओगटेको छ । विशेष गरि यस वडाका प्रमुख बस्तीको रुपमा आइतलपुर , अम्रौली ,बघौडा, बिरन्ची, चमास,ढुकुरबारी खैरहनी खसीमारा, राधापुर, सिधुवा, सिसुवा र शितलपुर गरी जम्मा १२ वटा रहेका छन् ।

## २.२ धार्मिक, पर्यटकिय तथा ऐतिहासिक स्थल

मानिस सचेत र जिज्ञासु प्राणि भएकोले नयाँनयाँ कूरा थाहा पाउने इच्छा राख्दछ । ऐतिहासिक, धार्मीक र भौगोलीक स्थानहरुको भ्रमण गरी नयाँनयाँ कुरा थाहा पाउन र मन वहलाउन चाहान्छ । मानिसमा भएको यहि जिज्ञासा अनि उत्सुकताका कारण कुनै नँया काम गरी वा नँया ठाँउको भ्रमणमा रमाउ भन्ने चाहाना हुनु स्वभाविकै हो । यसका लागी विभिन्न क्षेत्रहरुमा विविध प्रकारका पर्यटकीय स्थलहरुको विकास भएको पाईन्छ । चितवन जिल्लाको दक्षिण दिशामा अवस्थित माडी नगरपालिकाको यस वडा नं ४ मा पनि धार्मिक, प्राकृतिक तथा पर्यटकिय स्थलका रुपमा विकास गराउन सकिने देखिन्छ । यस क्षेत्रमा अवस्थित प्राकृतिक तथा धार्मिक अनि सामाजिक सम्पदाहरुलाई पर्यटकिय हेतुवाट विकसित गराई वडाको पर्यटकिय स्थलका रुपमा विकास गराउन सकिएमा यस वडाको उच्चतम तथा तिब्र विकास हुने कुरामा दुइमत छैन । यस वडामा रहेका धार्मिक, पर्यटकिय तथा ऐतिहासिक स्थलहरु पनि आआफ्नै बिशेषता रहेका छन । यस्ता विभिन्न धार्मिक तथा ऐतिहासिक स्थानहरुले यस वडाको गरिमा तथा पहिचानमा थप उर्जा प्रदान गरेको छ ।

## २.३ वडामा मनाइने मुख्य चाडपर्व जात्रा तथा मेला

नगरपालिकाका अन्य भागमा जस्तै यस वडाका वासिन्दाहरुले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका चाडपर्वहरु र रितिरिवाजहरु मान्दछन । यस वडामा हरेक धर्ममा पनि जाति विशेष चाडपर्वहरु फरक फरक तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागत रुपमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, राम नवमी, शिवरात्री, फागु पुणिमा, नाग पञ्चमी,माघे सक्रान्ती, जितिया, साउने सक्रान्ती, कृष्ण जन्माष्टमी, चौरचन, इद, कुर्वानी तथा अन्य चाडपर्वहरु परम्परागत रुपमा मनाइन्छ भनेसामा चकेवा आदी जाती विशेषमा मनाइने गरिन्छ । विशेषगरी यस वडाका मूख्य जात्रामा दुर्गा मेला, कृर्षि मेला आदी हुन ।

## २.४ वडामा रहेको सम्भाव्यता, अवसर, चुनौति र समस्याहरु

यस वडामा मुख्य थारु बस्ती रहेको भएतापनि अन्य जातजातिहरुमा, ब्राह्मण तथा क्षेत्रि ,मगर, गद्ररुङ, तामाङ, बिश्वकर्मा, परियार, बोटे दराई, राई, लगायतका जातजातिको बसोबास रहेको छ ।यस वडामा वसोवास गरेका अधिकांश जनसंख्या आफु सँग भएको जग्गा जमिनमा खेतिपाती गरेर वर्ष भरी खान पुग्ने भएकोले कृर्षि पेशामा लागेको पाइन्छ । साथै कृर्षिमा नयाँ वैज्ञानिक प्रविधिको प्रयोग भएको कारणले गर्दा यहाँका मानिसहरुको कृर्षि पेशाप्रतिको चासो आर्कषण तथा लगावलाई अफ बढी उजागर गर्न सकिन्छ । पर्यटकिय स्थान भएको कारण पनि यहाँका केहि मानिसहरु ले आफ्नो निजी व्यवसाय चलाएर वसेको पाइन्छ । जस्तै होटल तथा खाजाघर, किराना पसल, आदी ।यस वडाका केहि व्यक्तिहरुले आफ्नै निजि स्रोतवाट साना व्यापार ब्यबसाय संचालन गरेका छन भने धेरै व्यक्तिहरु अन्य पेशा तथा व्यवसायमा सलग्न छन । यस वडाका व्यक्तिहरु थोरैको संख्यामा सरकारी वा गैह्सरकारी नोकरीमा लागेको पाइन्छ भने ठूलो संख्यामा व्यक्तिहरु विदेश गएकाछन । यस वडाका मानिसहरुको मुख्य आम्दानीको स्रोत भनेको नै कृर्षि, वैदेशिक रोजगार, व्यवसाय, ज्यालामजदुरी आदी हो । बहु संख्यक स्थानीय वासीहरु कृर्षि व्यवसायमा संलग्न रहेकाले यस वडाको मुख्य संभावना र अवसर भनेको व्यवसायिक कृर्षिनै हो । यस वडाका केही मानिसहरु स्थानिय व्यापारी भएको हुदां व्यापार तथा व्यवसायको पनि प्रवल संभावना र अवसरहरु रहेको छ । यस क्षेत्रका प्रमुख समस्याहरुमा वन्यजन्तुबाट हुने क्षती (मानवः मृत्यु र घाइते, पशुधन क्षति, बालीनाली नोक्सानी, घरगोठ क्षति) यी समस्यका कारण हाल माडी क्षेत्रमा मानव र वन्यजन्तु बिच द्वन्द्ध बढ्दो मात्रामा समस्याको रुपमा देखा परेको छ , वन अतिक्रमणको समस्या, अव्यवस्थित सुकुम्बासी समस्या, ठाडा खहरे खोलाहरुको कटान साथै जमिन बगरमा परिणत कटान क्षेत्रहरुमा तटवन्ध तथा ड्याम निर्माण गर्नं पर्ने , हुलाकी सडक साघुरो कालो पत्रे बाटोहरु बिग्रिएको, अन्य शाखा बाटोहरु ग्रावेल गर्नं पर्ने , खानेपानी, विद्युत, पुल– कल्भर्टहरु निर्माण गर्नं पर्ने , स्वास्थ्य, शिक्षा, सूचनाको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक देखिएको , ऐतिहासिक धार्मिक स्थलहरुको संरक्षण, संवर्धन र प्रचारप्रसार गर्नं पर्ने , प्राकृतिक मनोरम दृश्य, आदिवासी तथा बोटे जातिको संस्कृतिको झलक सहित पर्यापर्यटनको विकासका लागि पूर्वाधारहरु तयार गर्नं पर्ने , वडा कार्यालय भवनको आवश्यकता, कार्यरत कर्मचारी दरवन्दी न्यून , कार्यालयका लागि आवश्यक सामाग्रीहरुको उचित समाधान तथा व्यवस्थापन हुनु जरुरी छ ।

## २.५ सामाजिक परिचालन

सामाजीक परीचालनबाट हालका दिनहरुमा ठुला ठुला विकासका कार्यहरु पनी बस्ती तथा वडा ले आफ्नै पहलमा गर्न सक्षम भएका छन् । जस्तै गाँउमा यज्ञबाट दानदक्षिणा जम्मा गरी स्कुल कलेज, बाटो निर्माण आदी कार्य गरेका तथा समुदाय ले नै आफ्नै व्यबस्थापनमा बन, सास्कृतिक धरोहरको संरक्षण , संर्वधन र दिगो उपयोग गरी मनग्गे फाइदा प्रसस्त उदारहण रहेका छन् । आजको बदलिंदो युगमा समाज विकासका लागि एक व्यक्ति एक परिवारको सहभागिताले मात्र समाजले चाहे जस्तो विकासमा अघि बढ्न सकिदैन यस वडामा समूदायको समग्र विकासका लागि सामाजिक परिचालन मार्फत स्थानीय तथा अन्य संघसंस्थाहरु विद्यालय व्यवस्थापन समितिहरु,स्थानिय विपद जोखिम व्यवस्थापन समितिहरु,आमा समुह , युवा क्लब , समुह बचत तथा अन्य विभिन्न संघसंस्थाहरुले कार्यहरु गर्दै आइरहेका छन र यस वडाको सामाजिक, आर्थिक लगाएत जनचेतना फैलाउनका लागि विशेष पहल गर्दै आईरहेका छन । सामाजिक परिचालन तथा जनचेतनाको लागि सामाजिक परिचालिकाहरुले पनि महत्वपुर्ण भुमिका निर्वाह गर्दै आइरहेका छन् ।

## २.६ मौसमी पात्रो(Seasional Calender)

यस वडामा वसोवास गर्ने मानिसहरुको मुख्य पेशा भनेको कृर्षिनै हो । तसर्थ यस वडामा वस्ने मानिसहरुले मौसम अनुसार कृर्षि पेशा गर्दै आएका छन । कृषि पेशा गर्ने कृषकहरुको अनुकुलताको लागि तलको मौसमि पात्रो तयार पारिएको छ जस्मा कामकाज, रितीरिवाज अनुसार मनाइने चाडपर्व लगायत अन्य कुरालाई पनि तलको तालिका देखाइएको छ ।

### तालिका नं.२.१ मौसमी पात्रो

| विवरण | वैसाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **अन्नवाली लगाउने** | | | | | | | | | | | | |
| क) धान | | → | → | → | | | | | | | | |
| ख) गहु | | | | | | | → | → | | | | |
| ग) मकै | → | | | | | | | | | | | → |
| घ) कोदो | | | → | → | | | | | | | | |
| **अन्नवाली भित्र्याउने** | | | | | | | | | | | | |
| क) धान | | | | | | | → | → | | | | |
| ख) गहु | → | | | | | | | | | | | |
| ग) मकै | | | | → | → | | | | | | | |
| घ) कोदो | | | | | | | | | → | → | | |
| **रोगव्याधी** | | | | | | | | | | | | |
| क)मानिस | → | → | | | | | | | | | | → |
| ख)पशुपंक्षी | → | | | | | | | | | | → | → |
| **मुख्य चाडपर्व** | | | | | → | → | → | | | | → | → |
| **बनपैदावार संकलन** | | | | | | | | | → | → | → | |

# परिच्छेद– तीनः जनसंख्या विवरण


## ३.१ जनसंख्याको विवरण

यस वडामा २०६८ सालको जनगणना अनुसार कुल घरधुरी संख्या २४१ थियो भने कुल जनसंख्या १०५९ रहेको थियो जसमध्ये महिला ५७८ तथा पुरुष ४८१ रहेका थिए । तत्पश्चात राज्य पुर्नसंरचना मा देखापरेको बिकेन्द्रीकरणको अबधारणाले स्थानिय स्तरमा आएको परिमार्जित स्वरुपलाई अंगिकार गर्दै बिद्यमान अवस्थामा माडी नगरपालिकामा रहेको वडा नं ४ को बास्तविक जिवनचित्रलाई चित्रण गरि वास्तविक बस्तुस्थितीलाई पारदर्शी तथा ब्यवहारीक बनाउनको लागि उक्त वडाको अबस्थिती तथा रुपरेखा लाई स्पष्ट रुपमा प्रस्तुत गर्न २०७४ सालमा मोबाइल एप्सको माध्यामद्वारा संचालन गरिएको घरधुरी सर्बेक्षण अनुसार हाल यस वडामा जम्मा घरपरिवार संख्या ७५९ रहेका छन् जस्मा ३९५१ मानिसहरु बसोबास गर्ने गरेको पाइएको छ । कुल जनसंख्या ३९५१ मध्ये १९६९ महिला रहेका छन भने १९८२ पुरुष रहेका छन् । यस वडाको लैगिंक अनुपात १०१.४ छ भने औषत परिवार संख्या ५.१ रहेको छ । बढदो शहरीकरण , पारिवारीक तथा सामाजीक बिविध कारणले यहाको जनसंख्या तथा घरधुरी विगतको तुलनामा बढ्दो क्रममा रहेको छ । यस वडाको घरधुरी तथा जनसंख्याको विबरणलाई तलको तालिका तथा स्तम्भ चित्रको माध्यम द्वारा स्पष्ट पारीएको छ ।

**तालिका नं ३.१ जनसंख्या तथा घरधुरी संख्याको विबरण**

| जनगणना (२०७४) | | जम्मा | घर परिवार संख्या | औषत परिवार संख्या | लैङ्गीक अनुपात |
|---|---|---|---|---|---|
| पुरुष | महिला | | | | |
| १९८२ | १९६९ | ३९५१ | ७५९ | ५.१ | १०१.४ |

**डायग्राम नं ३.१ जनसंख्या तथा घरधुरी संख्याको विबरण**




## ३.२ उमेर समुहको आधारमा जनसंख्या विवरण


यस वडाको उमेरगत जनसंख्याको विवरणको पछिल्लो तथ्याङ्कलाई आधारमानी हेर्दा सवैभन्दा बढी जनसंख्या २५ देखि २९ वर्षको उमेर समुहका मानिसहरु रहेको देखिन्छ । जसअनुसार महिलाको जनसंख्या २२४ तथा

पुरुषको जनसंख्या १९३ गरी कूल जनसंख्या ४१७ रहेको देखिन्छ। यसैगरी १ बर्षमुनीका बालबालिका को संख्या बालिका ५५ र बालक ५६ गरी १११ रहेको पाइन्छ। यस वडामा ७५ बर्षका बृद्ध बृद्धाको संख्या न्युन रहेको छ जहाँ ३८ महिला र ४८ पुरुष गरि जम्मा ८२ जनसंख्या रहेको छ। यस वडामा ० देखी १८ बर्ष सम्मका बालबालिकाको सख्या १२६६ रहेको छ जहाँ बालिका ६२४ र बालक ६४२ रहेका छन। उमेर समुह तथा लिङ्ग अनुसार वडाको जनसंख्या लाई तलको तालिकामा  तथा जनसंख्या पिरामिडमा विस्तृत रुपमा देखाइएको छ।

**तालीका नं.३.२ उमेर समुह तथा लिङ्ग अनुसार वडाको जनसंख्या**

| सि.नं. | उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | १ वर्ष भन्दा मुनी | ५५ | ५६ | १११ |
| २ | १ - २ वर्षसम्म | ६४ | ७१ | १३५ |
| ३ | ३ - ५ वर्षसम्म | ८७ | ९३ | १८० |
| ४ | ६ - ७ वर्षसम्म | ६४ | ७२ | १३६ |
| ५ | ८ - ९ वर्षसम्म | ६७ | ६५ | १३२ |
| ६ | १० - १४ वर्षसम्म | १५६ | १४५ | ३०१ |
| ७ | १५ – १६ वर्षसम्म | ५७ | ६६ | १२३ |
| ८ | १७ - १८ वर्षसम्म | ७४ | ७४ | १४८ |
| ९ | १९ - २० वर्षसम्म | ७८ | ८१ | १५९ |
| १० | २१ - २४ वर्षसम्म | १९७ | १५७ | ३५४ |
| ११ | २५ - २९ वर्षसम्म | २२४ | १९३ | ४१७ |
| १२ | ३० - ३४ वर्षसम्म | १५७ | १९६ | ३५३ |
| १३ | ३५ - ३९ वर्षसम्म | १२९ | १५३ | २८२ |
| १४ | ४० - ४४ वर्षसम्म | १०८ | ११८ | २२६ |
| १५ | ४५ - ४९ वर्षसम्म | ९४ | ८६ | १८० |
| १६ | ५० - ५४ वर्षसम्म | ९६ | ९२ | १८८ |
| १७ | ५५ - ५९ वर्षसम्म | ६८ | ६७ | १३५ |
| १८ | ६० - ६४ वर्षसम्म | ५७ | ५५ | ११२ |
| १९ | ६५ - ६९ वर्षसम्म | ४७ | ४० | ८७ |
| २० | ७० - ७४ वर्षसम्म | ५२ | ५४ | १०६ |
| २१ | ७५ माथि | ३८ | ४८ | ८६ |
| **जम्मा** | | **१९६९** | **१९८२** | **३९५१** |

**पिरामिड नं.३.२ उमेर समुह तथा लिङ्ग अनुसार वडाको जनसंख्या**




## ३.३ वडामा बसोबास गर्ने बिभिन्न जातजातीको विबरण :

तलको तालिकामा यस वडामा बसोवास गर्ने मानिसहरुको जातिगत विवरण दिइएको छ । यसमा देखाईए अनुसार यस वडामा जम्मा १५ जातजातिका मानिसहरु बसोवास गर्नें गरेका छन् । यहाँ बसोवास गर्ने प्रमुख जातिहरु थारु, ब्राह्मण, क्षेत्री, गुरुङ्ग, कामी, सार्की ,मगर, तामागं, दमाई, कुमाल, नेवार लगाएतका रहेका छन् । यिनीहरुमध्ये यस वडामा सवैभन्दा बढी मात्रामा थारु, ब्राह्मण , कामी क्षेत्री तथा सार्कीहरुको बसोवास रहेको देखिन्छ ।

**तालीका न. ३.३ वडामा बसोबास गर्ने बिभिन्न जातजातीको विबरण :**

| क.सं. | जातियता | परिवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | ब्राह्मण | १७८ | ९४७ |
| २ | थारु | ३८९ | १९३२ |
| ३ | कामी | ५५ | ३४० |
| ४ | क्षेत्री | १७ | ९६ |
| ५ | तामाङ | १२ | ६० |
| ६ | गुरुङ | १० | ६२ |
| ७ | दमाई | ८ | ४७ |
| ८ | सार्की | २९ | १५७ |
| ९ | वोटे | २ | ६ |
| १० | मगर | १५ | १०० |

| | | | |
|---|---|---|---|
| ११ | नेवार | ६ | ३७ |
| १२ | दोराई | ५ | १८ |
| १३ | सन्यासी | १ | ४ |
| १४ | कुमाल | २ | १२ |
| १५ | अन्य | ३० | १३३ |
| | जम्मा | ७५९ | ३९५१ |

माथिको तालिकामा देखाईए अनुसार यस वडामा विभिन्न १५ जातजाति र जनजातिका मानिसहरुको बसोवास रहेको देखिन्छ । यिनीहरुमध्ये यस वडामा बसोवास गर्ने सवैभन्दा बढि जनसंख्या रहेको जाति थारु हो । यस वडामा रहेका जम्मा ७५९ घरपरिवार मध्ये ३८९ थारुको बसोवास रहेको छ जसको जनसंख्या १९३२ रहेको छ । त्यसपछि अन्य जातीय समूदायमा क्रमस ब्राह्मण १७८ , कामी ५५, क्षेत्रि १७, सार्की २९ , दोराई ५, गूरुगं १०, मगर १५ लगाएत अन्य रहेका छन् । यसैगरी यहाँ सवैभन्दा कम संख्यामा बसोवास गर्ने जातजाति दोराई, बोटे ,सन्यासी , तथा कुमाल घरपरिवार हो जसको संख्या क्रमश : ५, २, १, २, घर परिवार मात्र रहेको छ । यो संख्या यस वडाको कुल घरपरिवारको ०.००१ प्रतिशत हुन आउँछ ।


## ३.४ मुख्य धर्म

यस वडामा बसोवास गर्ने मानिसहरुको मुख्य धर्म हिन्दु र वौद्ध नै रहेको छ । यहाँका मुख्य बासिन्दा हरुले थारु , ब्राह्मण तथा क्षेत्रि हुनाले जनसंख्याको अधिकांश समुहले हिन्दु धर्म मान्ने गरेको पाइन्छ । धर्मका आधारमा यहाँको जनसंख्याको अवस्था तलको तालीकामा दिइएको छ ।

**तालीका नं.३.४ मुख्य धर्म**

| क.स | धर्म | घरपरिवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | हिन्दु | ७३२ | ३८०० |
| २ | वौद्ध | २० | ११३ |
| ३ | क्रिश्चीयन | ६ | ३२ |
| ४ | अन्य | १ | ६ |
| | जम्मा | **७५९** | **३९५१** |

**डायग्राम न. ३.४ मुख्य धर्म**



माथिको तालिकामा यस वडामा बसोवास गर्ने मानिसहरुको धर्मगत विवरण दिइएको छ, जसमा सवैभन्दा बढी मानिसहरु हिन्दू धर्म मान्ने देखिएका छन् । यसै गरी यस वडामा बौद्ध धर्म मान्नेको परिवार संख्या २० रहेको छ भने हिन्दु धर्म मान्नेको परिवार संख्या ७३२ रहेको छ त्यसैगरी क्रिश्चीयन मान्ने ६ परीवार रहेका छन् भने १ परीवारले अन्य धर्म मान्ने पाइएको छ । धर्मको आधारमा यस वडामा सबैभन्दा धेरै धर्मालम्बीहरु हिन्दु रहेका छन् जहाँ ३८०० हिन्दु वसोवास गर्दछन भने बौद्ध धर्मालम्बीहरु ११३ जना रहेका छन् ।


## ३.५ मातृभाषाको आधारमा जनसंख्याको विबरण

मातृभाषाका आधारमा यस वडामा थारु भाषा बोल्ने मानिसहरुको संख्या अत्याधिक मात्रामा रहेको देखिन्छ । यस वडामा रहेको ३९५१ जम्मा जनसंख्या मध्ये १९०७ जनसंख्या (कूल जनसंख्याको ५०.५९ प्रतिशत) ले थारु भाषा बोल्ने गरेको पाइएको छ भने नेपाली भाषा बोल्नेको संख्या १६६२ रहेको छ यो संख्या कुल जनसंख्या प्रतिशतको ३९.२६ हुन आउँछ । बिषेशत थारु ,ब्राह्मण तथा क्षेत्रि समुदायको बाहुल्यता रहेको यस भेगमा नेपालि तथा थारु भाषाको नै बाहुल्यता रहेको देखिन्छ । मातृभाषाका आधारमा वडाभित्र रहेको जनसंख्याको वितरणलाई तलको तालिका तथा डायग्रामसा देखाईएको छ ।

**तालीम नं ३.५ मातृभाषाको आधारमा जनसंख्याको विबरण**

| क्र.स | मातृभाषा | घरपरीवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | नेपाली | ३०० | १६६२ |
| २ | हिन्दी | १ | ७ |
| ३ | थारु | ३८६ | १९०७ |
| ४ | मगर | १५ | १०० |
| ५ | नेवारी | १ | ३ |
| ६ | गुरुगं | १० | ६२ |
| ७ | तामागं | १० | ४८ |
| ८ | बोटे | २ | ६ |
| ९ | अन्य | ३४ | १५६ |
| | **जम्मा** | **७५९** | **३९५१** |

**डायग्राम नं ३.५ मातृभाषाको आधारमा घरपरीवार संख्याकोविबरण**



# परीच्छेद चार : आवास सम्बन्धी विवरण


## ४.१ घरको प्रकारको आधारमा घरपरीवारको विबरण

यस वडाको कूल परिवार संख्या ७५९ मध्ये ११९ घर परिवार प्लाष्टर गरिएको र टिनको छानाले वनेको घरमा बस्ने गरेका छन् । यो संख्या कूल घर परिवारको १६.३९ प्रतिशत हुन आउछ । यस्तै कच्ची र झूप्रो घरमा बस्ने परिवार संख्या ३५२ छन । त्यसैगरी ढुंगा माटो र खरको छानो भएको घरको संख्या १२९ छ भने इटा र ढलानको छाना भएको घर परिवार संख्या ११७ रहेको छ । यस वडामा अधिकांस मानीसहरु कच्ची झुप्रो तथा प्लाष्टर गरिएको र टिनको छाना भएको घरमा बस्ने गरेका छन भने सबैभन्दा कम ढुंगा माटो र खरको छाना भएको घरमा बस्ने गरेको पाइन्छ । तलको तालिकामा तथा चार्टमा घरको छानाको प्रकार सम्वन्धि विवरण लाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१ घरको प्रकारको आधारमा घरपरीवारको विबरण**

| क्र.स | घरको प्रकार | संख्या |
|---|---|---|
| १ | कच्ची र झूप्रो | ३५२ |
| २ | ढुंगा माटो र खरको छाना | ४२ |
| ३ | ढुंगा माटो र टिनको छाना/ढुंगाको छाना | १२९ |
| ४ | प्लाष्टर गरिएको र टिनको छाना | ११९ |
| ५ | इटा र ढलानको छाना | ११७ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.४.१ घरको प्रकारको आधारमा घरपरीवारको विबरण**




## ४.२ घरको स्वामित्वको आधारमा घरपरीवार संख्याको विबरण

यस वडामा वसोवास गर्ने अधिकांश घरपरिवारको आफ्नै नीजि घर रहेको देखिन्छ भने केहि परिवारहरु मात्रै बहाल र अरु संग मिलेर वसेको देखिन्छ । स्वामित्वको आधारमा घरपरिबार संख्याको अध्ययन गर्दा यस वडामा रहेका ७५९ घरपरिबार संख्या का ३९५१ कुल जनसंख्या मध्ये निजी/ आफ्नै घर हुनेको संख्या ३७६७ रहेको छ त्यसैगरी बहालको घरमा बस्नेको संख्या ३ रहेको छ भने अरु संग मिलेर वस्नेको संख्या ५४ रहेको छ । १० परीवार संख्या सुकुम्कासी रहेका छन् । यस वडामा रहेका ७२६ घरहरु मध्ये २ वटा घरमा अरुलाई बस्नको

लागि भाडामा दिएको छ भने ७५७ घरहरु भाडामा नदिएको पाइएको छ। भाडामा दिएका घरहरु मध्ये १ घरमा ३००० भन्दा कम भाडा लिने गरेको पाइएको छ भने १ वटा घरमा ५००० देखी १०००० सम्म भाडा लिने गरेको पाइएको छ । स्वामित्वको आधारमा जनसंख्याको विबरणलाई तलको तालिकामा तथा स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२ घरको स्वामित्वको आधारमा घरपरीवार संख्याको विबरण**

| क्र.स | स्वामित्व | परीवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | निजी/ आपनै घर | ७१९ | ३७६७ |
| २ | बहालमा | १ | ३ |
| ३ | अरु संग मिलेर वसेको | १२ | ५४ |
| ४ | सुकुम्बासी | १० | ५० |
| ५ | अन्य | १७ | ७८ |
| | **जम्मा** | **७५९** | **३९५१** |

**डायग्राम नं. ४.२ घरको स्वामित्वको आधारमा घरपरीवार संख्याको विबरण**





### ४.३ बसाई सराईको अवस्था

असल जीवन प्राप्तिका लागी चुलो नै सारेर एक ठाँउबाट अर्को ठाँउमा जाने भौगोलिक गतिशिलतालाई बसाँइ सराँइ भनिन्छ । यस प्रक्रियाले सामाजिक व्यबहार, सम्बन्ध तथा बिचारहरुमा समेत थुप्रै परिवर्तन ल्याँउदछ । बसाँईसराँइले सामाजिक साँस्कृतिक परिवर्तनमा थप उर्जा प्रदान गर्दछ । सामाजिक,आर्थिक, राजनीतिक, भौगोलिक आदि थुप्रै कारणहरुले गर्दा मानिस आफु बसिरहेको स्थन छोडेर गन्तव्य स्थानमा जान्छ । गाँउबाट शहर, गाँउबाट गाँउ, हिमाल र पहाडबाट तराई बसाई सराँइ गर्ने पद्धतिले समाजमा परिवर्तन ल्याएको छ । यसै सन्दर्भमा यस वडामा मानिसहरु कति वर्ष अगाडि देखि वसाइँ सरेर यस स्थानमा आउने गरेका रहेछन् भन्ने विवरण दिइएको छ, जसमा हालसाल बसाइँ सरेर आउने मानिसहरुको संख्या निकै कम मात्रामा रहेको पाइन्छ । यस वडामा विगत ११ वर्ष देखि २० वर्षको अवधिमा जम्मा १६ घरपरिवारमात्र बसाई सरेर आएका देखिन्छन् । यसैगरी विगत अघिल्लो १० वर्षको अवधिमा भने ५७ वटा परिवारमात्र यस वडामा बसाई सरेर आएको पाइन्छ । यहाँका जम्मा ७५९ परिवारमध्ये ६७८ परिवारको पुर्ख्यौली घर यसै वडामा रहेको देखिन्छ । यसरी यस वडामा बाहिरबाट बसाइँ सरेर आउने मानिसहरुको चाप निकै कममात्र रहेको देखिन्छ । यस वडा मा रहेको बसाई सराईको अवस्थालाई तलको तालिकामा दिइएको छ ।

**तालिका नं.४.३ बसाई सराईको अवस्था**

| सि.नं. | वसाई सराई | परिवार संख्या |
|---|---|---|
| १ | ३० वर्ष भन्दा पहिले | ६ |
| २ | २१ वर्ष देखि ३० वर्ष भित्र | २ |
| ३ | ११ वर्ष देखी २० भित्र | १६ |
| ४ | १० बर्ष भित्र | ५७ |
| ५ | बसाई सराई गरी आएको हैन | ६७८ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.४.३ बसाई सराईको अवस्था**





## ४.४ जमिनको स्वामित्व सम्बन्धी विवरण

यस वडामा जमिन स्वामित्वको लालपुर्जा महिला र पुरुष दुवै समूहका मानिसहरुको नाममा हुने गरेको छ। तर यस वडामा महिलाको नाममा जमिनको लालपुर्जा हुनेको संख्या भने निकै कमी छ। यस वडामा महिलाको तथा पुरुषको नाममा भएको लालपुर्जाको विवरण लाई तलको तालिका तथा चार्टमा प्रस्तुत गरीएको छ।

**तालीका नं. ४.४ जमिनको स्वामित्व सम्बन्धी विवरण**

| क्र.स | बिवरण | संख्या |
|---|---|---|
| १ | महिला | १०७ |
| २ | पुरुष | ६५२ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं. ४.४ जमिनको स्वामित्व सम्बन्धी विवरण**





## ४.५ घरायासी काममा लैगिंक भुमीका

परम्परागत रुपमा महिलालाई घरायसी काममा संलग्न हुने लिगंको रुपबाट नै परिभाषीत गराउने गरीन्थ्यो । समयको परिवर्तीत स्बरुप तथा मानिसको सोचमा आएको आधुनीकीकरणले काममा कुनै प्रकारको बिभेद हुनु हुदैन भन्ने अबधारणको विकास भएको पाइन्छ । यसै सोचबाट आएको परिवर्तनले यस वडामा पनी काममा कुनै प्रकारका विभेद नभएको कुरा स्थलगत सर्बेक्षणको क्रममा प्राप्त तथ्याकं बाट स्पष्ट भएको छ । यस वडामा ५०६ घरपरिबारका महिला तथा पुरुष दुबै ले घर व्यवहार सम्बन्धी विषयमा निर्णय लिने गरेको पाइएको छ भने ३३४ घरपरिबारका महिला तथा पुरुष दुबै घरायसी काममा संलग्न हुने गरेका छन् । त्यसैगरी ३६६ घरपरिबारका महिला तथा पुरुष दुबैका वैंकमा खाता संचालन गरीएको छ भने अन्य कार्यको विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालीका नं.४.५ घरायासी काममा लैगिंक भुमीका**

| कार्य | महिला | पुरुष | दुबै |
|---|---|---|---|
| घर व्यवहार सम्बन्धी विषयमा निर्णय | ६४ | १५६ | ५०६ |
| घरायसी काममा संलग्न | ३६२ | ३० | ३३४ |
| वैंकमा खाता संचालन | २०९ | १५१ | ३६६ |
| उपभोक्ता समितिमा सहभागिता | २२७ | १४२ | ३५७ |
| विद्यालय व्यवस्थापनमा सहभागिता | २४५ | १२० | ३६१ |

**डायग्राम नं.४.५ घरायासी काममा लैगिंक भुमीका**




# परिच्छद पाँच : शैक्षिक अवस्था

## ५.१ शैक्षिकस्तरको विवरण


शिक्षा ज्ञानको ज्योति हो । शिक्षाले अन्धकार र अन्धविश्वासलाई तोड्दै समाज परिवर्तनको सन्दर्भमा सेता किरणहरु छर्दछ । यो अज्ञानता विरुद्धको एक सञ्जीवनि वुटी हो शिक्षा परिवर्तनको अस्त्र हो शिक्षाले समाजमा परम्परा देखि रुमलिदैं आएका सामाजिक तथा सांस्कृतिक चरहरुलाइ प्रतिस्थापन गरी नयाँ र नविन चलहरुको स्थापना गर्न सहयोग गर्दछ । शिक्षाले जातिय कट्टरता, विभेद र असमानताहरुलाई क्रमशः हटाउदै गएको छ । सामाजिक समावेशिकरण र सामाजिक न्यायलाई मजबुद बनाइदिएको छ । यस्ले वैज्ञानिक आविश्कारलाई सहयोग गरेको छ । समाजमा ज्ञान, सिप, कला, विज्ञानर साहित्यको प्रष्फुटन गराइदिएको छ । समाजलाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याई सामाजिक परिवर्तनको गति तथा दायरालाई फराकिलो वनाईदिएको छ । यस्कै माध्यमबाट कानुनी सुधारहरु भई समाजमा समानतामा आधारित कानुनहरुको विकास भएको छ । यसै सर्न्दभमा यस वडामा बसोबास गर्ने बासिन्दा तथा जनसंख्याको शैक्षिक स्थिति तथा विबरण लाई तलको तालिका तथा डायग्राममा यसरि उल्लेख गरिएको छ ।

यस वडा भित्र लिङ्ग तथा जनसंख्याको आधारमा साक्षरता सम्वन्धी विवरणलाई हेर्दा पुरुष २६५ र महिलाको १९९ गरी जम्मा जनसंख्या ४६४ जना निरक्षर रहेका छन भने ५७० महिला र ६७७ पुरुष गरी जम्मा १२४७ साक्षर रहेका छन् । यो जनसंख्यालाई आधार मान्दा पढ्न र लेख्न सक्ने जनसंख्या जम्मा ३९५१ जनसंख्या मध्ये १२४७ रहेका छन् । त्यसैगरी मा.वि. स्तर सम्मको ७८७ महिला र ७१४ जना पुरुष गरी जम्मा १५०१ जनाले शिक्षा प्राप्त गरेका छन् भने यसैगरी स्नातक वा सो सरह पास गरेको संख्या ५८ छ जस्मा महिला ३६ र पुरुष २२ रहेको देखिन्छ भने स्नाकोत्तर वा सो सरह पास गरेको संख्या ज्यादै न्यून ३४ देखिन्छ । तलको तालिका तथा चार्टमा लिङ्ग तथा जनसंख्याको आधारमा साक्षरता सम्वन्धी विवरण देखाईएको छ।

**तालिका नं. ५.१ शैक्षिकस्तरको विवरण**

| क्र.स | शैक्षिकस्तर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | निरक्षर | १८९ | २७५ | ४६४ |
| २ | साक्षर | ५७० | ६७७ | १२४७ |
| ३ | मा.वि. स्तर | ७७७ | ७२४ | १५०१ |
| ४ | एस.एल.सी पास | २७४ | १८१ | ४५५ |
| ५ | प्रविणता प्रमाण पत्र | १०१ | ९१ | १९२ |
| ६ | स्नातक | ३६ | २२ | ५८ |
| ७ | डिग्री | २२ | १२ | ३४ |
| ८ | पि एच डि | ० | ० | ० |
| | जम्मा | १९६९ | १९८२ | ३९५१ |

**डायग्राम नं. ५.१शैक्षिकस्तरको विवरण**




**५.२ लिङ्ग तथा जनसंख्याको आधारमा साक्षरता सम्वन्धी विवरण**

सहस्राब्दी विकास लक्ष्यले वालवालिका विकासका लागि लिएको लक्ष्य तथा गन्तब्य ( लक्ष्य २: गन्तव्य ३: सन् २०१५ सम्ममा सबैले प्राथमिक शिक्षा पाएका हुनेछन् । लक्ष्य ३: गन्तव्य ४: सन् २०१५ सम्ममा शिक्षाका सवै तहमा लैङ्गिक विभेद अन्त्य भएको हुनेछ । त्यसैगरि नेपाल सरकारले पनि सवै नेपालीलाई कम्तीमा साक्षर बनाउने नीति तथा रणनीति लिएको छ । नेपाल सरकार लगायत अन्तराष्ट्रिय समुदायले समेत शिक्षा प्रति लिएको चासोलाई मनन गर्दै अगाडी बढनु पर्ने देखिन्छ । यसै सन्र्दभ नेपालको कुल साक्षरता ६५.९ प्रतिशत रहेकोमा माडी नगरपालिकाको साक्षरता ७०.०७ प्रतिशत (महिला साक्षरता ६३.८ प्रतिशत र पुरुष साक्षरता ७७.४ प्रतिशत) साक्षरतालाई आगामी दिनहरुमा द्रुतगतिमा अगाडी बढाउनका लागि सरोकारवाला निकायहरुसंग समन्वय गरि शिक्षा सम्वन्धि योजना तथा कार्यक्रमहरु संचालन गर्नुपर्ने नगरपालिकाको आवश्यकता रहेको छ । जिल्ला शिक्षा कार्यालय, चितवन र निर्वाचित प्रतिनर्धिहरसंगको स्थलगत सर्भेक्षणका अनुसार यस वडा नं. ४ को साक्षरता लाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तलिका न. ५.२ लिङ्ग तथा जनसंख्याको आधारमा साक्षरता सम्वन्धी विवरण**

| लिगं (साक्षरता प्रतिशत) | माडी नगरपालिका | वडा नं ४ |
|---|---|---|
| महिला | ६३.८ | ८९.८ |
| पुरुष | ७७.४ | ८५.५१ |

| | | |
|---|---|---|
| जम्मा | ७०.०७ | ८७.६ |


## ५.३ विद्यालयमा पढ्ने बालबालिकाको संख्या

यस वडाभित्र बिद्यालय जाने बालबालिकाको अवस्थालाई हेर्दा १२६ बालक रहेका छन् भने ९७ बालिका रहेका छन् त्यसैगरी ५–१६ वर्ष सम्मका केटा २३२ जना र ५–१६वर्ष सम्मका २१२ जना केटी बिद्यालय जाने गरेको देखिन्छ । यसको अवस्थालाई निम्नानुसार तालिका तथा पाईचार्टमा देखाइएको छ ।

**तालिका नं. ५.३ विद्यालयमा पढ्ने बालबालिकाको संख्या**

| क्र.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | १२६ |
| २ | वालिका | ९७ |
| ३ | ५–१६वर्ष सम्मका केटा | २३२ |
| ४ | ५–१६वर्ष सम्मका केटी | २१२ |
| | **जम्मा** | ६६७ |

**डायग्राम नं. ५.३ विद्यालयमा पढ्ने बालबालिकाको संख्या**




## ५.४ विद्यालय भर्ना नभएका बालबालिकाको संख्या


यस वडामा ० देखी १८ बर्ष सम्मका बालबालिकाको सख्या ११२४ रहेको छ जहाँ बालिका ५५० र बालक ५७४ रहेका छन् जसमध्ये ६७ बालक र ६१ बालिका को विद्यालयमा भर्ना भएको छैन त्यसैगरी ५–१६वर्ष सम्मका केटा ५ जना र ५– १६वर्ष सम्मका केटी ३ जना केटीको पनि बिद्यालयमा भर्ना नभएको पाइएको छ । यस सम्बन्धी बिवरणलाई तलको तालिका तथा स्तम्भ चित्रमा प्रस्तुत गरीएको छ ।

**तालिका नं. ५.४ विद्यालय भर्ना नभएका बालबालिकाको संख्या**

| क्र.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | ६७ |

| | | |
|---|---|---|
| २ | वालिका | ६१ |
| ३ | ५-१६वर्ष सम्मका केटा | ५ |
| ४ | ५-१६वर्ष सम्मका केटी | ३ |
| | **जम्मा** | १३६ |

**चार्ट नं. ५.४ विद्यालय भर्ना नभएका बालबालिकाको संख्या**





## ५.५ बालबिकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या

बालबालिकाको मानसीक, सामाजीक तथा शारीरीक बिकासको लागी बिशेष स्याहार केन्द्र तथा बालबिकास केन्द्रको स्थापना गरीएको छ । बिद्यमान अबस्थामा यस्ता बालबिकास केन्द्रको अत्याधिक आर्कषण तथा आबश्यकता बढेको छ। यस वडामा पनी बालक २८ र बालीका ३२ गरी जम्मा ६० जना बालबालिका बालबिकास केन्द्रमा भर्ना भएका छन् जस्लाई तलको तालिका तथा चार्टमा प्रस्तुत गरीएको छ ।

**तालिका नं.५.५ बालबिकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या**

| **क.स** | **लिगं** | **संख्या** |
|---|---|---|
| १ | वालक | २८ |
| २ | वालिका | ३२ |
| | **जम्मा** | ६० |

**डायग्राम नं. ५.५ बालबिकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या**





## ५.६ पढाइको बिचमा विद्यालय छाड्नेको संख्या

नेपाल सरकारको लक्ष्य तथा राष्टिय रणनिति अनुसार स्वास्थ्य र शिक्षा क्षेत्रमा सबैलाई समानरुपमा पहुँच पुर्‍याउने लक्ष्य रहेको छ । देशबाट निरक्षरता उन्मुलन गर्दै गुणस्तरिय शिक्षामा पहुँच अभिबृद्धि गर्न शिक्षा क्षेत्रमा लगानि बिस्तार हुदै आएको छ । सबै तह र बिधाका शिक्षामा समतामुलक पहुँच अभिवृद्धि गर्न नीतिगत , कानुनी र संस्थागत सुधारका प्रयासहरु भएका छन सोहि अनुरुप यस वडाले पनि यसै रणनिति लाई आत्मसाथ गर्दै यस क्षेत्रमा कार्यक्रमहरु संचालन गर्दै आएको छ । यस्ता बिबिध कार्यक्रकको बाबजुद पनि यस वडा भित्र वालवच्चाहरुको बिद्यालय छाड्ने अवस्थालाई हेर्दा २६ जना ले बिद्यालय जान छाडेको देखिन्छ । यसको अवस्थाहरुलाई निम्नानुसार देखाइएको छ ।

**तलिका नं. ५.६ पढाइको बिचमा विद्यालय छाड्नेको संख्या**

| क.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | ४ |
| २ | वालिका | ६ |
| ३ | ५-१६वर्ष सम्मका केटा | ८ |
| ४ | ५-१६वर्ष सम्मका केटी | ८ |
| | **जम्मा** | २६ |

**डायग्राम नं. ५.६ पढाइको बिचमा विद्यालय छाड्नेको संख्या**





## ५.७ विद्यालय छाड्नुको कारण

यस वडा भित्र बिद्यालय छाड्ने अवस्थालाई हेर्दा २६ जना बिद्यालय जान छाडेको देखिन्छ । त्यस मध्ये १५ जना पैसा तिर्न नसकेर छाडेको देखिन्छ भने पढ्न मन नलागेर छाडेको ६ जना रहेको देखिन्छ । त्यसैगरी वावू आमालाई घरको काममा सघाउन १ जना तथा विरामी भएर १ जनाले बिद्यालय जान छाडेको तथ्य स्थलगत सर्बेक्षणको क्रममा जानकारीमा आएको छ जस्लाई तलको तालिका तथा स्तम्भचित्रमा देखाईएको छ ।

**तालिका नं. ५.७ विद्यालय छाड्नुको कारण**

| क.स | विद्यालय छाड्नुको कारण | संख्या |
|---|---|---|
| १ | पैसा तिर्न नसकेर | १५ |
| २ | विरामी भएर | १ |
| ३ | पढ्न मन नलागेर | ६ |
| ४ | घरमा हेरचाह गर्ने नभएर | ३ |
| ५ | वावू आमालाई घरको काममा सघाउन | १ |
| ६ | छोड्न नपरेको | ७३३ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.५.७ विद्यालय छाड्नुको कारण**




## ५.८ विद्यालय जान लाग्ने समय

कुनै पनि स्थानको विद्यार्थीहरुको विद्यालय जाने र नजाने कार्यलाई विद्यालयको दुरीले पनि प्रभाव पारेको हुन्छ । यस वडाभित्र अध्ययन गर्ने वालवालिकालाई विद्यालय जान लाग्ने समय शिर्षकलाई अध्ययन विश्लेषण गर्दा १० मिनेट देखि १ घण्टा समय लाग्ने गरेको देखिएको छ । विद्यार्थीलाई लाग्ने समय र विद्यालयको सुगमतालाई हेर्दा १० मिनेट भित्र विद्यालय पुग्ने विद्यार्थीको संख्या४० प्रतिशत रहेको छ । त्यसैगरि आधा घण्टा भित्र विद्यालय पुग्ने विद्यार्थीको संख्या ३० प्रतिशत रहेको छ भने १ घण्टा समय लाग्ने ३० प्रतिशत रहेको छ । यस वडामा विद्यार्थीहरुको विद्यालय जान लाग्ने समयको विवरणलाई तलको तालिकामा देखाईएकोछ ।

**तालिका नं.५.८ विद्यालय जान लाग्ने समय**

| क्र.स | विद्यालयको स्तर | लाग्ने समय (मिनेटमा) |
|---|---|---|
| १ | प्रा.वि. | २०–६० |
| २ | नि.मा.वि. | ३०–६० |
| ३ | मा.वि. | ३०–६० |
| ४ | उच्च मा.वि. | ३०–६० |


## ५.९ शैक्षिक संस्थाहरु अनुसार बालबालीका पढ्ाउने घरपरिवारको विबरण

यस वडामा वसोवास गर्ने अधिकांश घरपरिवारले आफ्ना वालवालिकाहरुलाई सरकारी विद्यालयमा पढाउने गरेका छन भने नीजि तथा सामुदायिक विद्यालयमा पढाउनेको घरपरीवारको संख्या क्रमश १९७ र १३ रहेको छ । यस वडामा आफना बालबालिकालाई विद्यालय पठाउने घरपरीवारको संख्या तथा विद्यालयको प्रकारको विवरणलाई तलको तालिकामा देखाईएकोछ ।

**तालिका नं.५.९ शैक्षिक संस्थाहरु अनुसार बालबालीका पढ्ाउने घरपरिवारको विबरण**

| क्र.स | शैक्षिक संस्थाहरुको विबरण | घरपरीवार संख्या |
|---|---|---|
| १ | सरकारी | ५४९ |
| २ | नीजि | १९७ |
| ३ | सामूदायिक | १३ |
|  | **जम्मा** | ७५९ |

**डायग्राम नं.५.८ शैक्षिक संस्थाहरु अनुसार बालबालीका पढ्ाउने घरपरिवारको विबरण**



# परिच्छद छ : स्वास्थ्य सम्बन्धि विबरण

## ६.१ अपांगताको आधारमा जनसंख्याको विबरण

अपाङ्गता सम्बन्धि अवस्था पहिचानको लागि शारिरीक,दृष्टि बिहिन ⁄कम दृष्टि भएका,बहिरा⁄ कम सुन्ने, दृष्टि बिहिन तथा बहिरा, बोल्न गाह्रे भएका, मानसिक अपांग, बौद्धिक रुपमा असक्त, बिविध अपांगता भएका पर्दछन । घरपरिवार र समुदायमा हुने गरेका हिंसा, आमा बाबु र अभिभावकको मृत्यु, कुपोषण, गरिवी, अशिक्षा, अज्ञानता तथा चेतनाको कमी, वालश्रमको बोझ, मानसिक असन्तुलन आदिका कारण वालवालिकाहरु सानो छँदा मात्र होइन ठुलो भए पछि पनि उनीहरुको मनोविज्ञानमा गहिरो असर परेको हुन्छ । यसै सन्दर्भ हाम्रो देश लगाएत क्षेत्र, जिल्ला र स्थानिय स्तरमा वसेका अधिकांश वालवालिकाहरु गरिवी, विपन्नता र अभावका विचमा बाँचिरहेका छन् ।

उल्लेखित सुचकहरुको आधारमा हेर्दा यस वडामा रहेका जम्मा जनसंख्या ३९५१ मध्ये २ जना अपाङ्गता भएका मानिसहरु फेला परेका छन जसमा वौद्धिक अपांग वा सूस्त मनस्थिति पुरुष १ र सुस्त श्रवणमहिला १ गरी जम्मा २ जना  छन । तलको तालिका मा अपांगताको सम्बन्धी जनसंख्याको बिबरणलाई बिस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.१ अपांगताको आधारमा जनसंख्याको विबरण**

| क.सं. | भिन्न क्षमताको विवरण | वालक | वालिका | जम्मा |
|---|---|---|---|---|
| १ | सुस्त श्रवण | ० | १ | १ |
| २ | वौद्धिक अपांग वा सूस्त मनस्थिति | १ | ० | १ |
| | **जम्मा** | **१** | **१** | **२** |

## ६.२  बालबालिका सम्बन्धी दीर्धरोगको अवस्था

आधारभूत सर्वेक्षणमा अपाङ्गता सम्बन्धि अवस्था पहिचानको लागि शारिरीक, मानसिक, दृष्टि तथा सुस्त श्रवण सम्बन्धि सुचकहरु राखिएको थियो । यसैगरी दिर्घ रोगी पहिचानको लागि एच.आई.भी. एड्स, मलेरिया, क्यान्सर, टि.बी., चिनी रोग सम्बन्धि सोधिएको थियो । दीर्घ रोग भन्नाले लागेपछि निको नहुने तथा निको भए पनि पूर्ण रुपमा निको हुन नसक्ने रोग भन्ने बुझिन्छ । उल्लेखित सुचकहरुको आधारमा हेर्दा यस वडामा कुनै पनी बालबालिका दीर्घरोगी रहेका देखिदैनन ।

## ६.३ खोप सम्बन्धी बिवरण

यस वडामा रहेका ५ वर्ष भन्दा कम उमेरका वालवालिकाहरु  वालक २२० र वालिका २०६ गरि जम्मा ४२६ जना रहेका छन । खोप सम्वन्धि वडामा गरिएको अध्ययनले देखाए अनुसार जम्मा ७५९ घरपरीवार मध्य ७४० घरपरीवारले आफ्नो बालबालिकाहरुलाई खोप दिएको पाइयो भने १९ परीवारले  आफ्नो बालबालिकाहरुलाई खोप नदिएको पाइयो यस वडामा  ९८ प्रतिशत खोपको मात्रा लिएको देखिन्छ । साथै यस वडालाई पुर्ण खोप प्राप्त क्षेत्र पनि घोषणा गरिएको छ । सहश्राब्दी विकास लक्ष्य (Millennium Development Goals) अर्न्तगतको चौथो बुँदामा वाल मृत्युदर न्युनीकरण अर्न्तगत ५ वर्ष मुनिका सवै वालवालिकालाई उच्च प्राथमिकता दिई अकाल मृत्युवाट जोगाउनु पर्ने र सवै वालवालिका र शिशुहरुको बाँच्न पाउने अधिकारका लागि सहकार्य गर्दै

समयमा नै आवश्यक मात्रामा खोप दिनु पर्ने कार्यलाई पनि जोड दिएको छ। त्यसैगरि सहस्राब्दी विकास लक्ष्यले वालवालिका विकासका लागि लिएको लक्ष्य तथा गन्तब्य (लक्ष्य ४: गन्तव्य ५: सन् १९९० को तुलनामा सन् २०१५ सम्ममा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले कम भएको हुनेछ।जसको फलस्वरुप हाम्रो देशले पनि आफ्नो केन्द्र देखि स्थानिय स्तरसम्म केहि हद सम्म यसको कार्यान्वयन गरेको देखिन्छ तर पुर्ण रुपमा सन्तोष गर्ने स्थिती भने रहेकोछैन। यस अवस्था संग यस वडाको अवस्थालाई तुलना गर्दा वालवालिकाले पाउनु पर्ने खोप सम्वन्धि सुविधाको अवस्था अत्यन्त राम्रो देखिन्छ । यस वडामा ५१४ घरपरीवारले आफ्नो बालबालिकाहरुलाई पोषिलो खाना दिएको पाइयो भने २४५ घरपरीवारले आफ्नो बालबालिकाहरुलाई पोषिलो खाना नदिएको पाइयो त्यसैगरी ५२२ घरपरीवारले आफ्नो बालबालिकाहरुको तौल लिएको पाइयो भने २५७ घरपरीवारले आफ्नो बालबालिकाहरुको तौल नलिएको पाइयो । यस वडामा १६ परीवारका बालबालीकालाई बाल आश्रममा राखीएको छ भने ७४३ परीवारका बालबालीका आफनै घरपरीवार संग नै बसेका छन्।


## ६.४ कुलतमा फसेका बालबालिकाको विवरण

मानिस जन्मदै खराब भएर जन्मेको हुदैन समय,परिस्थती तथा संगतले उसलाई गलत बनाउदछ। यस वडामा सुर्ति, खैनी (मद्ययपान) जस्तो कुलतमा फसेका बालबालिकाको संख्या १२४ रहेको छ। ३ जना बालबालिका घरबाहीर काम गर्ने कामदार बालबालिकाको रुपमा देखा परेका छन् । त्यसैगरी १जना बालक धर्मपुत्रको रुपमा रहेका छन्। विभिन्न कुलत तथा त्यसमा फसेकाको संख्या तलको तालिका तथा स्तम्भ चित्रमा प्रस्तुत गरीएको छ।

**तालिका नं. ६.२ कुलतमा फसेका बालबालिकाको विवरण**

| क्र.स | कुलतको प्रकार | संख्या |
|---|---|---|
| १ | चुरोट (धुम्रपान) | १६ |
| २ | सुर्ति, खैनी (मद्ययपान) | २८ |
| ३ | जाड, रक्सी | ८० |
| | **जम्मा** | **१२४** |

**डायग्राम नं. ६.२ कुलतमा फसेका बालबालिकाको विवरण**




## ६.५ कुपोषणको अवस्था

यस वडामा रहेका ७०६ घरपरीवार लाई बालअधिकार को बारेका जानकारी छ भने ५३ घरपरीवार लाई बालअधिकार को बारेका जानकारी छैन ।गाँस, बास र कपास मानीसको नैसर्गीक अधिकार हो तथ्यांक ले देखाए अनुसार यस वडामा रहेका जम्मा ४२६ वालवालिका (५ वर्ष मुनिका) मध्ये ३८ वालक र वालिका ८ जना गरी जम्मा ४६ जना कम तौल भएका बालबालिका हरु रहेका छन् । यस वडामा कुपोषण तथा कम तौल भएका बालबालिकाको कुल जनसंख्या ४६ रहेको छ । यस्को बिवरणलाइ तलको तालिका तथा चार्टमा प्रस्तुत गरीएको छ ।

### तालिका नं. ६.३ कुपोषणको अवस्था

| क्र.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | ३८ |
| २ | वालिका | ८ |
| | **जम्मा** | **४६** |

### चार्ट नं. ६.३ कुपोषणको अवस्था





## ६.६ बिरामी हुदाँ जाने स्वास्थ्य केन्द्र सम्बन्धी विबरण

हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य एउटा वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरेपछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन् । यस वडामा भित्र वस्ने अधिकांश घरपरिवारहरुले बिरामी हुंदा नजिकको सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन भने केहि मात्रामा नीजि अस्पतालमा जाने गरेको पनि देखिन्छ । यस वडामा ६६३ घरपरीवारका सदस्य बिरामी हुदा सरकारी अस्पताल जाने गरेका छन् भने ६५ घरपरीवारका सदस्य बिरामी हुदा निजी क्लिनीक जाने गरेका छन् ।अज्ञानताको कारण लामा झाँक्री तथा फुकफाक गर्ने ५ घरपरीवार रहेको छ भने केही परिवारहरु कही पनि नगई आफै ठिक हुन्छ भनि वस्ने गरेको पनि पाईएको छ । समष्टिगत रुपमा उपचार सेवा प्राप्त गर्ने तरिका र स्थान तथा यस वडामा बसोवास गर्ने परिवारहरुका लागि रहेको नजिकको स्थानीय स्वास्थ्य चौकीमा सेवा प्राप्तिको दुरी वारेमा तलको तालिका र डाईग्राममा देखाईएको छ ।

**तालिका न..६.४ बिरामी हुदाँ जाने स्वास्थ्य केन्द्र सम्बन्धी विवरण**

| क्र.स | बिरामी हुदाँ जाने स्थानको बिवरण | संख्या |
|---|---|---|
| १ | सरकारी अस्पताल | ६६३ |
| २ | निजी क्लिनीक | ६५ |
| ३ | स्वास्थ्य केन्द्र | २६ |
| ४ | लामा झाक्री | ५ |
| | **जम्मा** | **७५९** |

**डायग्राम न. ६.४ बिरामी हुदाँ जाने स्वास्थ्य केन्द्र सम्बन्धी विवरण**




### ६.७ स्वास्थ्य संस्था जान लाग्ने समय

यस वडामा वसोवास गर्ने जम्मा ७२६ घरपरिवार मध्ये ६७४ वटा परिवारहरु ६० मिनेट भन्दा टाढा स्थानीय स्वास्थ्य चौकीमा आकस्मीक उपचारको लागि जाने गरेको देखिन्छ। यस बाहेक ५२ परिवारका लागि उक्त स्थानमा पुग्नका लागि १५ देखी ३० मिनट समय लाग्दछ। तलको तालिकामा स्वास्थ्य संस्था जान लाग्ने समय को विवरण लाई प्रस्तुत गरीएको छ।

**तालिका नं.६.५ स्वास्थ्य संस्था जान लाग्ने समय**

| सि न | स्वास्थ्य संस्था | पुग्न लाग्ने समय |
|---|---|---|
| १ | उपस्वास्थ चौकी | ३० देखी मि ६० |
| २ | अस्पताल | ३० देखी मि ६० |

### ६.८ समुदायमा देखिने प्रमुख रोगहरु

माडी नगरपालिकाको यस वडा नं ४ मा विरामी हुंदा देखिने मुख्य रोग मध्ये सबै भन्दा बढि ज्वरो भएको देखिन्छ भने टाईफाइड तथा झाडा वान्ता, पखलाको कारण विरामी हुनेको संख्या पनि बढि नै रहेको देखिन्छ। यसको विवरणलाई तल तालिकामा प्रस्तुत गरिएकोछ।

**तालिका नं.६.६ समुदायमा देखिने प्रमुख रोगहरु**

| क्र.स | प्रमुख रोगहरु | घरपरीवार संख्या |
|---|---|---|
| १ | ज्वरो | ७५४ |
| २ | झाडा वान्ता, पखला | १ |
| ३ | निमोनिया | २ |
| ४ | अन्य | २ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं. ६.६ समुदायमा देखिने प्रमुख रोगहरु**





## ६.९ दिर्ध रोगबाट पिडितको संख्या

यस वडामा गरिएको स्थलगत सर्भेक्षण अनुसार यस वडामा  ४२ परीवारका मानीसलाई  दिर्ध रोग देखिएको छ भने ७१७ परीवार लाई दीर्घ रोगले सताएको छैन। अवस्थालाई हेर्दा सवै भन्दा बढि दीर्घ रोगीहरु चिनी रोग बाट १४ जना दिर्ध रोगबाट पिडित रहेको देखिन्छ भने ८ महिला , बालक १ तथा १६ जना पुरुषको विगत एक बर्ष भित्र मृत्यु भएको छ। अन्यको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएकोछ।

**तालिका नं. ६.७ दिर्ध रोगबाट पिडितको संख्या**

| सि न | प्रमुख रोगहरु | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | क्षयरोग | १ | २ | ३ |
| २ | क्यान्सर | १ | १ | २ |
| ३ | एड्स | ० | ० | ० |
| ४ | चिनीरोग | ४ | १० | १४ |
| ५ | अन्यरोग | १६ | ७ | २३ |
| | **जम्मा** | २२ | २० | ४२ |

**डायग्राम नं. ६.७ दिर्घ रोगबाट पिडितको संख्या**





## ६.१० गर्भावस्थामा स्वास्थ्य परिक्षणको अवस्था

यस वडामा गरिएको स्थलगत सर्भेक्षण अनुसार यस वडा मा रहेका जम्मा गर्भावती महिलाहरु मध्ये ३६८ घर परीवारका महिलाले आफु गर्भवती भए पछि स्वास्थ्य जाँच गर्ने गरेका छन भने बाँकी ३९१ घर परीवारका महिलाले आफु गर्भवती भए पछि पनी स्वास्थ्य जाँच नगर्ने गरेको देखिएको छ । यस सम्वन्धीको अवस्थालाई तल रेखा चित्रमा प्रस्तुत गरिएकोछ ।

**तालिका नं. ६.८ गर्भावस्थामा स्वास्थ्य परिक्षणको अवस्था**

| सि न | बिवरण | परीवार संख्या |
|---|---|---|
| १ | छ | ३६८ |
| २ | छैन | ३९१ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं. ६.८ गर्भावस्थामा स्वास्थ्य परिक्षणको अवस्था**





## ६.११ मातृ स्वास्थ्य सम्वन्धी विवरण

यस वडाभित्र गरिएको अध्ययन तथा सर्भेक्षणले देखाए अनुसार यस क्षेत्रका ५ घर परीवारमा महिलाहरु घरमा नै बच्चा जन्माउने गर्दछन । सरकारी अस्पतालमा जाने महिलाहरुको घर परीवार संख्या ६४६ रहेको छ भने जहां पनि हून सक्छ भन्ने परीवार संख्या १ वटा रहेका छन्। समष्टिगत रुपमा महिला सूत्केरी हुने बेलामा उपचार सेवा प्राप्त गर्ने स्थान अनुसारको परिवार संख्याको वितरणको अवस्थालाई तलको तालिका तथा चार्टमा देखाईएको छ ।

**तालिका नं.६.९ मातृ स्वास्थ्य सम्वन्धी विवरण**

| सि.न | स्थान | संख्या |
|---|---|---|
| १ | सरकारी अस्पताल | ६४६ |
| २ | निजी क्लिनीक | २६ |
| ३ | स्वास्थ्य उपचार केन्द्र | ७९ |
| ४ | घरमानै | ५ |
| ५ | जहां पनि हून सक्छ | १ |
| ६ | थहा छैन | २ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.६.९मातृ स्वास्थ्य सम्वन्धी विवरण**





## ६.१२ परिवार नियोजन सम्बन्धि विबरण

जनसंख्याको तिव्र वृदीको कारण विभिन्न वातावरणीय समस्याहरु देखा परेका छन् । जनसंख्याको उच्च चापको कारण खाद्यन्नमा पनी समस्या देखा परेको छ । यस्ता समस्याबाट छुटकारा पाउनको लागी बिभिन्न निराकरणका उपाएहरु ऋपनाउनु पर्दछ । यस्ता उपायहरुमा परीवार नियोजन पनि एक हो । यस वडामा परीवार नियोजनका साधनहरुको प्रयोगका रुपमा रहेका निम्न उपाएहरु लाई तलको तालिका तथा डायग्राममा प्रस्तुत गरीएको छ ।

**तालिका नं.६.१० परिवार नियोजन सम्बन्धि विबरण**

| सि.न | विवरण | घर परीवार संख्या |
|---|---|---|
| १ | अस्थायी साधन | ६० |
| २ | स्थायी वन्ध्याकरण महिला | २० |
| ३ | स्थायी वन्ध्याकरण पूरुष | ११ |
| ४ | परिवार नियोजन नगरेको | ६६८ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.६.१० परिवार नियोजन सम्बन्धि विबरण**





## ६.१३ एच. आई. भि /एड्स वारेमा जानकारी भएको परिवार संख्याको अवस्था

यस वडाभित्र गरिएको अध्यायनले देखाए अनुसार यस क्षेत्रका ६९५ परिवारलाई एच. आई. भि /एड्स वारेमा जानकारी भएको पाइयो भने ३१ परिवारलाई एच. आई. भि /एड्स वारेमा जानकारी नभएको पाइयो । यसको अवस्थालाई तलको रेखाचित्रमा देखाईएको छ ।

**तालिका नं. ६.११ एच. आई. भि /एड्स वारेमा जानकारी भएको परिवार संख्याको अवस्था**

| क्र.स | विवरण | परीवार संख्या |
|---|---|---|
| १ | थाहा छ | ६९५ |
| २ | थाहा छैन | ६४ |
| | जम्मा | ७५९ |

**डायग्राम नं. ६.११ एच. आई. भि /एड्स वारेमा जानकारी भएको परिवार संख्याको अवस्था**




माथि गरिएको अध्ययन तथा विश्लेषणलाई सहस्राब्दी विकास लक्ष्यले समावेश गरेको न्यून शिशु मृत्युदर, मातृत्व सुधार तथा एच आई भी /एड्स, मलेरिया र अन्य रोगहरूसँग तुलना गरी यसको बारेमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परीच्छेद सात : आर्थिक विकास

आर्थिक विकासले सामाजिक सांस्कृतिक परिवर्तनको सवालमा कायपलटरुपी भुमिका खेल्दछ । आर्थिक हेसियतले सामाजिक परिवर्तनको गति र दिशालाई पथपर्दशन गर्दछ । राम्रो र मजबुद आर्थिक अबस्था भएको समाजमा नयाँ नयाँ परिवर्तनरुपी क्रियाकलापलाई सजिलै आत्मसाथ गर्न सकिन्छ । अन्य विकासको तुलनामा आर्थिक विकास नेत्तृत्वदायि विकास हो प्रत्येक सामाजिक प्राणि मानवको संवेदशील मानसपटलमा आर्थिक तत्वले घच्घचाई रहेको हुन्छ । वास्तबमा सामाजिक क्रियाकलापको केन्द्रबिन्दु नै आर्थिक विकास हो । आर्थिक हैसियतकै आधारमा सामाजिक व्यबहार, मुल्य मान्यता, क्रियाकलाप, सम्बन्धको दायरा तथा अन्य अबस्थाको विकास हुन्छ । जब मानिस आर्थिक रुपले सम्पन्न हुन्छ तब शिक्षा, स्वास्थ्य, संचार, पोषण लगाएतका क्षेत्रमा उस्को पहुँच विस्तार हुन्छ । परिणम स्वरुप समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण र मान्यताको विकास हुन्छ । नयाँ मान्यता, संस्कार व्यबस्था र व्यवहारलाई आत्मसात गर्न समाजका मानिसहरु घनिभुत भएर लाग्छन । जस्ले गर्दा सामाजिक परिवर्तनको गति तिब्र बन्दै जान्छ । यसरि आर्थिक विकास ले सामाजिक परिबर्तनमा प्रमुख स्थान ओगटेको छ । यसै अनुरुप यस क्षेत्रको आर्थिक विकासका सिमा तथा स्रोतहरुको विबरण लाई तल प्रस्तुत गरिएको छ ।


## ७.१ मुख्य पेशा

आर्थिक विकास सरकारको प्रमुख उद्देश्यका रुपमा रहेको हुन्छ । रोजगारीको अवस्था, उद्योगधन्दाको पूर्ण विकास तथा व्यावसायिक खेति प्रणालीको प्रबर्द्धनबाट आर्थिक विकास हुन सक्ने मानिन्छ । यस वडामा उद्योगधन्दाको अवस्था निकै कम मात्रमा रहेको छ । ठुला र रोजगारमुलक उद्योगधन्दाको अभाव रहेकाले यस वडाका अधिकांश मानिसहरु कृषि पेशामा आधारीत छन् । यसैगरी आधारभुत सर्भेक्षणको अध्ययन अनुसार कृषिमा ४५.९ प्रतिशत, नोकरीमा ३.९ प्रतिशत, व्यापार व्यवसायमा लाग्नेहरुको संख्या १२९ (३.४ प्रतिशत) लगाएत रहेको देखिन्छ । यस वडाका मानिसहरुको पेशाको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.७.१ मुख्य पेशा**

| क्र.स | पेशा | महिला | पुरुष | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | ७५८ | ११५४ | १९१२ | ४५.९ |
| २ | व्यापार | ५८ | ७१ | १२९ | ३.४ |
| ३ | नोकरी | १०० | ४७ | १४७ | ३.९ |
| ४ | ज्यामी सिपयुक्त | ३२ | १६ | ४८ | १.३ |
| ५ | वै. रोजगार | १४ | २२३ | २३७ | ६.३ |
| ६ | ज्यामि | ९ | ३ | १२ | ०.३ |
| ७ | पशुपालन | ५ | ६ | ११ | ०.३ |
| ९ | विधार्थी | ५४० | ५०५ | १०४५ | २७.७ |
| १० | अन्य | २३७ | १७३ | ४१० | १०.९ |
| | **जम्मा** | **१९३४** | **१९४५** | **३९५१** | १००.० |

**डायग्राम नं.७.१ मुख्य पेशा**




माथिको तालिकामा यस वडाका मानिसहरुको पेशा दर्साइएको छ । उक्त तालिकामा देखाईए अनुसार यस वडाका धेरै मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन नै रहेको छ । यस तालिकामा देखाइए अनुसार यहाँका ११५४ पुरुष र ५५८ महिलाको प्रमुख पेशा कृषि र पशुपालन रहेको छ । यो संख्या यस वडाको कुल जनसंख्याको ४५.२७ प्रतिशत हुन आउँछ । यता यस वडाका १४७ मानिसहरु नोकरी तथा २३७ मानिसहरु वैदेशिक रोजगारीमा लागेको देखिन्छ ।


### ७.२ खाद्यान्नको अवस्था सम्बन्धी विवरण

यस वडाका अत्यधिक मानिसहरुको मुख्य पेशा कृषि नै हो भन्ने कुरा प्रशङ्गवस माथि नै चर्चा गरिएको छ । कृषि पेशा भन्नाले जमीनमा खेतीपाती गर्ने वा पशुपालन व्यवसाय गर्ने कुनै एक वा दुवै क्षेत्रहरु पर्दछन् । अतः यस वडा मानिसहरुलाई उर्वर भुमी भएको कारण वर्षभर कृषि पेशामा लाग्दा खान लगाउन भने समस्या नरहेको देखिन्छ । खाद्यान्न उपलब्धताको स्थितिलाई हेर्दा यस वडा भित्र बाह्रै महिना खान पुग्ने परिवारको संख्या ४५५ रहेको छ । जम्मा परिवार संख्या मध्ये ४१ परिवारलाई आफ्नो उत्पादनले ६ महिना भन्दा बढी खान पुग्दैन भने १३ परिवारलाई आफ्नो उत्पादन ३ महिना भन्दा बढि खान नपुग्ने देखिन्छ भने आफ्नो उत्पादन खान पुगेर वेच विखन गर्न पुग्नेको परिवार संख्या ९५ रहेको छ भने आफनो उत्पादन नहुने परीवार संख्या ७२ रहेको छ । तलको तालिकामा यस वडाका मानिसहरुको आफ्नो उत्पादनले खान पुग्ने र नपुग्ने अवस्था देखाइएको छ ।

**तालिका नं ७.२ खाद्यान्नको अवस्था सम्बन्धी विवरण**

| क्र.स | अन्नवाली उत्पादनको अबस्था | संख्या |
|---|---|---|
| १ | ३ महिना भन्दा कम | १३ |
| २ | ३ देखी ६ महिना | ४१ |
| ३ | ६ देखी ९महिना | ८३ |
| ४ | ९ देखी १२महिना | ४५५ |
| ५ | आफ्नो उत्पादन खान पुगेर वेच विखन गने | ९५ |
| ६ | आफ्नो उत्पादन छैन | ७२ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं ७.२ खाद्यान्नको अवस्था सम्बन्धी विवरण**




## ७.३ वडामा प्रचलित वालिका उन्नत जातहरु

यो वडा कृर्षी क्षेत्रको लागि अत्यन्तै उपयुक्त क्षेत्र मानिन्छ ।यस वडा लगाईने मुख्य वालीहरुमा धान, गँहु, मकै, तरकारी वाली, तेलहन, नगदे तथा दलहन वालि पर्दछन । यहाँ खाद्यान्य वाली अन्तरगत धान, गँहु तथा मकै जस्ता वालीहरु लगाउने गरिएको छ भने तोरी, सूर्यमुखी जस्ता तेलहन वालीहरु पनी लगाएको देखिन्छ । यसै गरी तरकारी वाली अन्तरगत काउली, प्याज, आलु जस्ता खेतीहरु सिजन अनुसारको हुने हुदा यस्लाई पनि लगाएको देखिन्छ भने मास, मसुरो जस्ता दलहन वाली लगाउने गरिएको छ । तलको तालिका मा यस वडाभित्र लगाइने मुख्य वालीलाई देखाईएको छ बिशेष गरि यस वडामा प्रचलित वालिका उन्नत जातहरुको बिवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं७.३ वडामा प्रचलित वालिका उन्नत जातहरु

| क.सं. | वालीको नाम | प्रचलित जात |
|---|---|---|
| १. | धान | सुनौलो सुगन्धा, रामधान, मकवानपुर १, साबित्री, स्थानीय मन्सुली, राधा ७, राधा ११, राधा १२, बर्मेली, गोला, बातीसरा, खोले जर्नेली, पाखे जर्नेली, स्थानीय पहेंले, गोरखनाथ, लोकनाथ,खुमल, चैते २, चैते ४, हर्दिनाथ १ |
| २. | मकै | मनकाना १, मनकामना ३, खुमल पहेलो, रामपुर कम्पोजिट, अरुण १, अरुण २, हेटौडा कम्पोजिट, गणेस (हाइब्रीड) , गौरव, देउती, सितला, पोसिलो, मनकामना १, अरुण १,२ |
| ३. | गहुं | WK १२०४, गौतम, NL २९७, BL१०२२,BL१४७३, RR२१, सिद्धार्थ, अन्नपुर्ण आदि |

## ७.४ खाद्यवालीमा लाग्ने विभिन्न रोग किरा सम्बन्धी विवरण

साधारणतया यस वडा भित्र तरकारी वाली, फलफुल तथा खाद्यान्न वालिमा विभिन्न रोग तथा किरा लाग्ने गरेको पाईएको छ । खासगरी यहाँका विभिन्न वडा तथा वस्तीहरुमा तरकारीमा लाग्ने रोगमा विशेषगरि लाई, खुम्रे, डडुवा, ढुसी तथा गवारो राते जस्ता रोग देखा परेको छ भने फलफुल खेति तर्फ लाग्ने रोगमा लाई, खुम्रे, डडुवा, ढुसी, सुन्तलाको पात पहेलो हुनु, सिरुस, फल झर्ने, फल कुहिने तथा फुल झर्ने जस्ता रोग लाग्ने गरेको देखिन्छ । खाद्यान्न वालीमा लाइ, डडुवा, ढुसी, गवारो, पात सुक्ने, पतेरो आदी जस्ता रोगहरु लाग्ने

गरेको देखिन्छ । बिभिन्न खाद्यवालीमा लाग्ने विभिन्न रोग किरा सम्बन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.७.४ खाद्यवालीमा लाग्ने विभिन्न रोग किरा सम्बन्धी विवरण**

| क्र.सं. | बालीमा लाग्ने मुख्य रोग | बालीमा लाग्ने मुख्य मुख्य किराहरु | झारपात | प्राकृतिक शत्रुहरु |
|---|---|---|---|---|
| धान | खैरा, डढुवा, Blast, Foot rot | गवारो, फट्याङगा, पतेरो | चामा, दुवो, मस्याहदा | माकुरा, छिर विटे कमिला, बाघे खपटे |
| मकै | sheat blight, कालोपोके | गवारो, गुन, फौजी किरा | गन्धे झार, दुवो, काला झार | माकुरा, छिर विटे कमिला |
| गहुं | कालोपोके, सिन्धुरे | फेद कटुवा | रगते, मोथे | माकुरा |

## ७.५ पशुपालन सम्वन्धि विवरण

यस वडाको पशुपालनको तथ्याङ्कलाई हेर्दा मुख्य रुपमा यस वडा भित्र विभिन्न किसिमका पशुहरु जस्तै गाई, गोरु, भैसी, राँगा, भेडा, वाखा, सुंगुर आदी पाल्ने गरेको पाईएको छ । तुलनात्मक रुपमा हेर्दा स्थानिय जातका भन्दा उन्नत जातका पशु पाल्नेको संख्या कम देखिन्छ ।

## ७.६ पंक्षी तथा अन्यसम्वन्धि विवरण

यस वडामा पंक्षिको अवस्थालाई हेर्दा कुखुरा पाल्नेको संख्या वढी देखिन्छ । कुखुराको संख्यालाई हेर्ने हो भने व्रोइलर जातका कुखुरा व्यवसायिक रुपमा पाल्ने गरेकोले यसको संख्या वढी देखिन्छ । यस्तै यस वडा भित्र हाँस तथा अन्य जातका पंक्षि पाल्नेको संख्या ज्यादै न्यून रुपमा देखिन्छ ।

## ७.७ पशुपंक्षिमा लाग्ने रोगको विवरण

यस वडा भित्र पशुहरुमा लाग्ने मुख्य रोगमा खोरेत, नाम्ले तथा जुगा लाग्ने गरेको पाइन्छ भने पंक्षिहरुमा लाग्ने मुख्य रोगमा आखाँ पाक्ने, नाम्ले, रानी खेत, गंभारो तथा वर्ड फ्लू हुन । यस्तै माछामा लाग्ने मुख्य रोग पङगास हो ।

**तालिका नं.७.५ पशुपंक्षिमा लाग्ने रोगको विवरण**

| पशुहरुमा लाग्ने मुख्य रोग | पंक्षिहरुमा लाग्ने मुख्य रोग | माछामा लाग्ने मुख्य रोग |
|---|---|---|
| खोरेत, नाम्ले | आखाँ पाक्ने, नाम्ले | पङगास |
| खोरेत, नाम्ले | आखाँ पाक्ने, नाम्ले | पङगास |

| | | |
|---|---|---|
| खोरेत, नाम्ले, जुगा | आखाँ पाक्न | पङगास |
| खोरेत, नाम्ले, जुगा | नाम्ले | पङगास |
| खोरेत,, भ्यागुते, चाचो,पटंगे, विषालु जिवाणु | रानी खेत, गंभारो, वर्ड फ्लू | |

स्रोत : स्थलगत सर्वेक्षण २०७४


### ७. ८ औषत मासिक पारिवारिक आम्दानी

यस वडाका मानिसहरुले विभिन्न पेशा व्यवसाय गरेर प्रति महिनाको आम्दानि जुटाउने गरेको विवरण प्रसंगवस माथि नै परेको छ । यस वडाका मानिसहरुको मासिक आम्दानी को अवस्थालाई तलको तालिकामा दिइएको छ ।

### ७. ६ औषत मासिक पारिवारिक आम्दानी

| क्र.स | औषत मासिक पारिवारिक आम्दानी | घरपरीवार संख्या |
|---|---|---|
| १ | १००० भन्दा कम | १५७ |
| २ | १००० देखि २००० | ७० |
| ३ | २००१ देखि ३००० | ६४ |
| ४ | ३००१ देखि ५००० | ७५ |
| ५ | ५००१ देखि १०००० | १३९ |
| ६ | १०००० देखि १५००० | १०८ |
| ७ | १५००० देखि २५००० | ९० |
| ८ | २५००० भन्दा माथि | ५६ |
| | जम्मा | ७५९ |

**डायग्राम नं ७. ३ औषत मासिक पारिवारिक आम्दानी**




माथिको तालिकामा यस वडाका वासिन्दाहरुको प्रति महिना आम्दानिको विवरण प्रस्तुत गरिएको छ । प्राप्त विवरण अनुसार वडाका मानिसहरुले माशिक रुपमा औषत रु १००० भन्दा कम कमाउनेको परिवार संख्या १५७ रहेको देखिन्छ १००० देखि २००० सम्म आम्दानि गर्ने को संख्या ७० रहेको छ त्यसैगरी २००१ देखी

३००० कमाउने परिवार संख्या ६४ रहेको छ यस अनुसार ३००१ देखि ५००० कमाउनेको संख्या ७५ रहेकोछ । समग्रमा यस वडाका ५६ घरपरिवारको मासिक आम्दानी २५००० भन्दा बढी रहेको छ । मासिक रुपमा जति आम्दानी हुन्छ उत्तिकै मात्रामा खर्च हुनुले उनीहरुको आर्थिक अवस्था पनि कमजोर रहेको देखिन्छ । व्यापार व्यवसायको कमी, खेतिको असमान वितरण, चेतना र प्राविधिक ज्ञानको कमी आदि कारणले गर्दा यस वडाको मासिक आय स्तर कम भएको हो । आय कम भएका कारण नै मानिसहरुले अत्यावश्यक वस्तुहरुमा पनि कटौती गर्ने हुनाले यसका लागि शिपमुलक तालिम, शिक्षाको प्रचुरतम प्रचारप्रसार तथा आय आर्जनका वैकल्पिक उपायको खोजी गर्न पनि त्यत्तिकै आवश्यक देखिन्छ ।


## ७.९ औषत मासिक पारिवारिक बचत

यस वडाका अधिकांश परिवारको बचतको अवस्था प्राय शुन्य नै रहेको छ । किनभने आफ्नो भू–स्वामित्व कम भएका परिवार संख्याको अवस्था उल्लेख्य रहेको र भू–स्वामित्व भएका परिवार संख्याहरूको पनि जग्गा जमिनको मात्रा ज्यादै कम भएको हुँदा वचत गर्न सक्ने अवस्था देखिदैन । जति आम्दानी हुन्छ त्यसैलाई परिवार पाल्नको लागि खर्च गर्ने भएको हुदां बचतको अवस्था नगण्य नै रहेको छ । यस वडामा २६५ घरपरीवार को बचत शुन्य रहेको छ भने केवल १२ घरपरीवारका बचत १०००१ भन्दा माथि रहेको छ । औषत मासिक पारिवारिक बचतको आधारमा परिवार संख्याको अवस्था निम्नानुसार रहेको छ ।

**तालिका नं.७.७ औषत मासिक पारिवारिक बचत**

| क्र.स | औषत मासिक पारिवारिक बचत | संख्या |
|---|---|---|
| १ | शुन्य | २६५ |
| २ | ५०० देखि १००० | ३७२ |
| ३ | १००१ देखि २००० | ५८ |
| ४ | २००१ देखि ३००० | २६ |
| ५ | ३००१ देखि ५००० | १९ |
| ६ | ५००१ देखि १०००० | ७ |
| ८ | १०००१ भन्दा माथि | १२ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.७.४ औषत मासिक पारिवारिक बचत**




## ७.१० रोजगारीको लागि बिदेश जानेको विबरण तथा वेरोजगारीको अवस्था

यस वडाका धेरै जसो मानिसहरु कृषिमा सलग्न रहेको पाइन्छ भने केही युवाहरु दैनिक ज्यालादारीनै रोजगारको मुख्य स्रोत रहेको पाइन्छ । केही युवाहरु निजी तथा संस्थागत नोकरी तथा आफ्नो व्यापार व्यवसाय तर्फ आकर्षित छन ।यस वडा एकदमै थोरै युवाहरु मात्र सरकारी कर्मचारी छन । आफ्नो देशमा रोजगारीका अवसरहरु कमि भएको कारणले अधिकांस युवाहरु विदेश पलायन पाइन्छ। देशकै समस्याको रुपमा रहेको यस समस्यावाट यस वडा युवायुवतिहरु पनि अछुतो रहेका छैनन् । यस वडा मा रहेका आर्थिक रुपले कमजोर रहेका तथा विपन्न वर्गका युवाहरु खाडी मुलुकमा अति जोखिम पूर्ण काम गर्न गएको पाइन्छ। यसको मुख्य कारण अशिक्षा, युवाहरु शिप विहिन हुनु साथै यस वडामा कृषिमा आधुनिकीकरण नभएको हुदा जिविकोपार्जनका लागी यस वडाका युवाहरु विदेशिन वाध्य भएका छन। वडाभित्र रहेका परिवार संख्या मध्ये २९ परिवारसंख्याका आर्थिक उपार्जन गर्न सक्ने संख्या पुर्णरुपमा वेरोजगारी अवस्थामा रहेको देखिन्छ भने बाँकी ७३० परिवार संख्या सामान्य काममा नै समेटिएको देखिन्छ। तलको तालिकामा बेरोजगारीको प्रकार र यसको अवस्थाको बारेमा उल्लेख गरिएको छ।

**तालिका नं.७.८ वेरोजगारीको अवस्था**

| क.स | बेरोजगारीको प्रकार | परिवार संख्या |
|---|---|---|
| १ | सिलाई,बुनाई | ६ |
| २ | विद्युत जडान | ५ |
| ३ | शैक्षिक बेरोजगार | ८ |
| ४ | सवारी चालक | ६ |
| ५ | सिलाई,बुनाई,सवारी चालक | २ |
| ६ | विद्युत जडान, शैक्षिक बेरोजगार | १ |
| ७ | अन्य | १ |
| | **जम्मा** | २९ |

**डायग्राम नं.७.५ वेरोजगारीको अवस्था**





माथीको तालिकामा सिलाई,बुनाई को सिप भएका ६ घरपरिबार संख्या बेरोजगार रहेका छन भने अन्य विद्युत जडान ,ब्युटीपार्लर, शैक्षिक बेरोजगार ,सवारी चालक, सिकर्मी तथा डकमी, भेटनरी, मेकानिक्स जस्ता बिबिध सिप तथा क्षमता भएका गरी जम्मा २३ घरपरिवार बेरोजगारीको चपेटामा परेका छन् भने देशको बेरोजगारी बाट छुटकारा पाउनको लागि २९२ पुरुष र १७ महिला गरी जम्मा ३०९ जनसंख्या बिदेश गएका छन भने ५१० घर परिवारका मानीस आफ्नै ठाँउमा जिवीकोपार्जन गरीरहेका छन् । विदेश जानेको संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.७.९ रोजगारीको लागि बिदेश जानेको विबरण तथा वेरोजगारीको अवस्था**

| विदेश गएकाको संख्या | | |
|---|---|---|
| **महिला** | **पुरुष** | **जम्मा** |
| १७ | २९२ | ३०९ |

**डायग्राम नं ७.६ रोजगारीको लागि बिदेश जानेको विबरण तथा वेरोजगारीको अवस्था**




रोजगारीको अवस्थाले कुनै पनि स्थानको आर्थिक विकासमा महत्वपूर्ण सहयोग पुऱ्याउने गर्दछ । रोजगारीले मानिसहरुलाई सवल र सक्षम पनि बनाउने गर्दछ । यस्तो रोजगारी पनि स्वदेशमा गरिने र विदेशमा गरिने गरी मुख्य रुपमा दुई प्रकारको हुने गर्दछ । यिनीहरुमध्ये पनि विदेशी नोकरीले वैदेशिक मुद्रा आर्जनमा सहयोग पुऱ्याउने गर्दछ । यस वडाको वैदेशिक अवस्थालाई हेर्दा जम्मा विदेश जानेहरुको घरपरीवार संख्या २४९ रहेको छ भने नजानेको परीवार संख्या ५१० रहेका छन् ।


## ७.११ पारिवारिक आर्थिक अबस्थाको ऋृण आवश्यकता पुरा सम्वन्धी विवरण

मानिसलाई आफ्नो आम्दानिले खर्च गर्न पुगेन भने उसले विभिन्न व्यक्ति निकाय र संघसंस्थाबाट ऋृण लिएर उसले आफ्ना आवश्यकताहरु पुरा गर्ने गर्दछ। यसले तत्काललाई मानिसहरुका आवश्यकता पूरा हुने भए पनि दीर्घकालमा नकारात्मक प्रभाव पार्ने गर्दछ । तलको तालिकामा यस वडाका मानिसहरुले लिने गरेको ऋृणसम्बन्धी विवरण दिइएको छ।

**तालिका नं.७.१० पारिवारिक आर्थिक अबस्थाको ऋृण आवश्यकता पुरा सम्वन्धी विवरण**

| क.स | ऋृणको श्रोत | संख्या |
|---|---|---|
| १ | वैंक वा वित्तीय संस्था | ५५ |
| २ | सहकारी संस्था | ११५ |
| ३ | समूह वा सामुदायिक संस्था | ८१ |
| ४ | साहू महाजन | १५ |
| ५ | लघुवित वैक | १७ |
| ६ | ऋृण नलिएको | ४७६ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं. ७.७ पारिवारिक आर्थिक अबस्थाको ऋृण आवश्यकता पुरा सम्वन्धी विवरण**




माथिको तालिकामा यस वडाका मानिसहरुले विभिन्न स्थानहरुबाट लिने गरेको ऋृणसम्बन्धी विवरण प्रस्तुत गरिएको छ, जसअनुसार यस वडाका ७५९ घरपरिवारमध्ये ४७६ परिवारले ऋृण नरहेको देखिन्छ। यस वडाका मानिसहरुले लिने ऋृणको अवस्था र ऋृण लिने स्थान हेर्दा अत्यधिक मानिसहरुले सहकारी संस्था तथा वैंक वा वित्तीय संस्थावाट लिने गरेको देखिन्छ । यस वडाका मनिसहरुले विभिन्न निकायबाट ऋृण लिएर

आफ्ना आवश्यकताहरु पूरा गर्ने गरेको देखिन्छ । साथै ऋण प्रवाह गर्ने प्रमुख निकाय भने यस वडाको लागि वैंक वा वित्तीय संस्था, लघुवित वैक तथासहकारी संस्था नै रहेको पाईन्छ । यसबाहेक बैंकका तर्फबाट ऋण लिने मानिसहरु भने निकै कम रहेका छन् ।


## ७.१२ ऋण लिनुको कारण

मानिस ले आफना तत्काल आबश्यकता तथा जरुरत पुरा गर्न बिभीन्न निकाय तथा संघ संस्थाबाट श्क़ृण लिने गरेको पाइन्छ । कुनै कारण वा समस्याले गर्दा मानिस ऋण लिने गर्दछ ।यस वडामा अधिकासं मानिस घरायसी कार्य वा घर खर्चका लागि ऋण लिने गरेको पाइन्छ । यस वडाका १६१ घरपरिवारले ऋण घरायसी कार्य वा घर खर्चका लागि लिने गरेका छन् अन्य बिबिध ऋण लिनुको कारण तथा परीवार संख्यालाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं.७.११ ऋण लिनुको कारण**

| क.स | ऋण लिनुको कारण | संख्या |
|---|---|---|
| १ | घरायसी कार्य वा घर खर्च | १६१ |
| २ | कृषि तथा पशुपालन | ५१ |
| ३ | उद्योग व्यापार | १८ |
| ४ | वालवच्चा पढाउन तथा शिक्षा | ५ |
| ५ | औषधि उपचार | ३ |
| | **जम्मा** | २३८ |

**डायग्राम नं.७.८ ऋण लिनुको कारण**



# परीच्छेद आठ : सामाजीक विकास सुरक्षा तथा समावेशीकरण


## ८.१ सामाजिक संघ संस्थामा आबद्धताको अबस्था

मानिस सामाजिक प्राणि भएकाले उसले आफ्ना नीजि काम गर्नुका साथै फुर्सदको समयमा सामाजिक कार्यमा पनि लाग्ने गर्दछ । विभिन्न समिति वा संस्थामा यस वडाका कुल ७५९ घर परीवार मध्ये ५४ घर परीवार जनाको संलग्नता बिभिन्न सामाजिक संघ संस्था रहेको छ भने ७०५ घर परीवार को संलग्नता बिभिन्न सामाजिक संघ संस्था रहेको छैन । जसमा सबैभन्दा बढी वचत तथा ऋण समुहमा १० घर परिवारको संलग्नता रहेको पाइन्छ । यसैगरीसामुदायिक वन उपभोक्ता समूहमा २ र कृषि तथा कफि समूहमा २ घर परीवारको आवद्धता रहेको देखिन्छ । सामाजिक संघ संस्थामा आबद्धताको अबस्थाको सवै विवरणलाई तल दिइएको छ ।

**तालिका नं.८.१ सामाजिक संघ संस्थामा आबद्धताको अबस्था**

| क्र.स | सामाजिक संघ संस्था | संख्या |
|---|---|---|
| १ | वचत तथा ऋण समुह | १० |
| २ | कृषि तथा कफि समूह | २ |
| ३ | सामुदायिक वन उपभोक्ता समूह | २ |
| ४ | सहकारी संस्था | ३४ |
| ५ | गैर सरकारी संस्था | ५ |
| ६ | परामपरागत समुह | १ |
| | जम्मा | ५४ |

**डायग्राम नं.८.१ सामाजिक संघ संस्थामा आबद्धताको अबस्था**




## ८.२ तालिमको प्रकार तथा तालिम प्राप्त गर्नेको बिवरण

समाज, संस्कार तथा सोच लाई बदल्न विभिन्न चेतनामुलक तथा सिपमुलक तालिम को आवश्यकता परेको हुन्छ जस्ले समाज तथा सोच लाई फराकिलो तथा बलियो बनाएको हुन्छ । यस वडाको हकमा विभिन्न  चेतना मुलक तथा सिपमुलक तालिम लिनेको संख्या ६९६ रहेको छ जसमध्ये महिला ३७३ र पुरुष ३२३ रहेका छन् । स्वास्थ्य, परिवार नियोजन सम्बन्धी तालिम लिनेको संख्या १५९ रहेको छ जस्मा महिला ९१ र पुरुष ६८ रहेका छन । बिभिन्न तालिम लिनेको संख्या तथा विवरण तलको तालिका तथा चार्टमा देखाइएको छ।

### तलिका नं.८.२ तालिमको प्रकार तथा तालिम प्राप्त गर्नेको बिवरण

| तालिमको नाम | तालिम प्राप्त गर्नेको संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| स्वास्थ्य, परिवार नियोजन | ९१ | ६८ | १५९ |
| जनचेतना, सशक्तीकरण | १३४ | ८५ | २१९ |
| लैगीकं समविकास | ३६ | ३६ | ७२ |
| संस्थागत नेतृत्व | ३२ | ४६ | ७८ |
| खानेपानी सरसफाई | ७० | ७१ | १४१ |
| वन व्यवस्थापन | १० | १७ | २७ |
| **जम्मा** | **३७३** | **३२३** | **६९६** |

### डागग्राम नं. ८.२ तालिमको प्रकार तथा तालिम प्राप्त गर्नेको बिवरण



## ८.३ घरेलु हिंसा

जन्म देखि नै पुरुष र महिलाको फरक पहिचार र भूमिका हुनु पर्छ भन्ने मान्यता हाम्रो समाजमा छ । अर्थात पुरुष र महिलाले यस्तो यस्तो भूमिका निर्वाह गरुन भन्ने अपेक्षा समाजले लिएको हुन्छ । केटीहरुले फ्रक, गुन्यु जस्ता लुगा लगाउनु पर्ने, घाँस दाउराको जोहो गर्नु पर्ने, पानी पधेरो र भान्साको काम गर्नु पर्ने, घरवाछ एक्लै वाहिर हिड्न नहुने , सामाजिक कार्यमा अग्रसर नहुने जस्ता भूमिकाहरुको अपेक्षा समाजले गरेको छ भने पुरुषले चाहि पाइन्ट लगाउनु पर्ने, घर वाहिरको भूमिका निर्वाह गर्नु पर्ने, सामाजिक कार्यहरुमा सकृय सहभागी हुनु पर्ने जस्ता मान्यता राखेको छ । समाजमा भएका यस्ता मान्यता व्यक्तिले जन्मीदै लिएर आएको हुदैन । उसलाइ समाजले दिएको हुन्छ । यसरी महिला वा पुरुष भएकै आधारमा व्यक्तिलाइ परिवार वा समाजले दिने भुमिका नै लैगिकता हो भने महिला र पुरुष दुवैलाइ सामाजिक विभेद नगरी समान दृष्टिकोणको समान व्यवहार गर्नु नै समानता भनिन्छ । समानतामा कुनै पनि व्यक्तिलाइ जातिय , लिंग , धर्म, अपांगता आदीको कारणले भेदभाव नगरी समान दृष्टिकोणले हेरिन्छ । यस वडाको स्थलगत अध्ययन कममा प्राप्त जानकारी तथा तथ्यांकको आधारमा यस वडा भित्र घरमा विभिन्न विषयमा निर्णय गर्नु पर्दा वा सामाजिक कार्यहरुमा महिला र पुरुषको समान सहभागिता हुने गरेको छ र विना भेदभाव छोरा छोरीलाइ शिक्षित वनाउने पनि पाइएकोछ । लैगिंक समानता र विकासको सवालमा यस वडालाई नमुनाको रुपमा लिन सकिन्छ ।तापनी पुर्ण रुपमा भने घरेलु हिंसा लाई निर्मुलीकरण गर्न भने सकीएको छैन यस वडाका विद्यमान अबस्थामा रहेका घरेलु हिंसाको प्रकार तथा पिडितको संख्या लाई तलका तालिकामा प्रस्तुत गरीएको छ ।

### तालिका नं. ८.३ घरेलु हिंसा

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | श्रीमानबाट पीडित/पिटिएका | १ |
| | जम्मा | १ |

## ८.४ सामाजिक संघसंस्थामा महिलाको आबद्धता

विश्वमा आधा जनसंख्याको भाग ओगटेको महिलालाई विकासको मुल प्रवाहमा समाहित गर्दै लैजानु आजको चुनौती हो । “जहाँ महिला सहभागीता त्यहाँ विकासमा परीपक्कता” भनेझै महिला सहभागीताले विश्वमा प्राथमिकता पाउन थालेको छ । यस वडामा वसोवास गर्ने परिवारका सदस्यहरु कुनै न कुनै संघसंस्थामा आवद्ध रहेको देखिन्छ । यस वडा भित्र वसोवास गर्ने धेरै परिवार सहकारी संस्थामा आवद्ध छन । समाजको हित तथा दिगो विकासका लागी सामाजिक संघ संस्थाहरुले विभिन्न तह तथा क्षेत्रहरु वाट विभिन्न प्रकारका योगदानहरु पुराइरहेका हुन्छन । सामाजिक संघ संस्थाहरुमा वनेको उपभोत्ता समिति , युवा क्लव, वाल क्लव , महिला तथा आमा समुह , नागरीक मञ्च , सहकारी संस्था आदी पर्दछन ।


मानिस सामाजिक प्राणि भएकाले उसले आफ्ना नीजि काम गर्नुका साथै फुर्सदको समयमा सामाजिक कार्यमा पनि लाग्ने गर्दछ । विभिन्न समिति वा संस्थामा यस वडाका कुल ७५९ घरपरीवार मध्ये ३७७ घरपरीवारका महिलाहरुको संलग्नता रहेको छ भने ३८२ घरपरीवारका महिलाहरुको संलग्नता नरहेको छ । जसमा आमा समुहमा १३ घरपरीवारका महिला संलग्नता रहेको पाइन्छ । यसैगरी सहकारीका २७४ , वचत तथा ऋण समुह

मा ७९ घरपरीवारका महिलाहरुको सामाजिक संघसंस्थामा आवद्धता रहेको देखिन्छ । समुह वा समितिमा आवद्धता सम्बन्धि सवै विवरणलाई तल दिइएको छ ।

**तालिका ८.४ सामाजिक संघसंस्थामा महिलाको आबद्धता**

| सि.न | सामाजिक संघसंस्था | संख्या |
|---|---|---|
| १ | वचत तथा ऋण समुह | ७९ |
| २ | सहकारी | २७४ |
| ३ | आमा समुह | १३ |
| ४ | टोल विकास संस्था | ४ |
| ५ | वित्तिय संस्था | ७ |
| | **जम्मा** | ३७७ |

**डायग्राम नं. ८.४ सामाजिक संघसंस्थामा महिलाको आबद्धता**




माथीको तालिकामा प्रस्तुत गरीएको सामाजिक संघसंस्थामा महिलाको आबद्धता अनुसार यहा रहेका ७५९ घरपरीवार मध्ये ३८२ घरपरीवारका महिलाहरु कुनै पनी सामाजिक संघसस्थामा आबद्ध नरहेको पाइएको छ ।

# परिच्छद नौ : सेवा तथा सुविधा

## ९.१ खानेपानीको अवस्था

खानेपानी तथा सरसफाई स्वास्थ्य सँग प्रत्यक्ष सरोकार रहेको विषय हो । स्वास्थ्य जिवन जिउनका लागि यि तत्वको निकै महत्व रहेको हुन्छ र यस वारेमा सचेत पनि रहनु पर्दछ । खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर गर्ने गर्दछ तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ र यसको साथसाथै सरसफाईमा पनि त्यतिकै जानकारी राख्नु पर्दछ ।

यस वडाको पानीको मुख्य श्रोत भनेको व्यक्तिगत धाराको पानी नै रहेको छ । तसर्थ यस वडाको पानीको मुख्य श्रोत तथा अधिकांश परीवारले व्यक्तिगत धाराको पानी प्रयोग गर्ने गरेको छन । जम्मा परिवार संख्या ७५९ मध्ये ५९६ घरपरिवारले खानेपानी व्यक्तिगत धारा प्रयोग गरेका छन । त्यस्तै सार्वजनिक धाराको पानी प्रयोग गर्ने संख्या कूल घरपरिवार मध्ये ६३ घरपरिवार तथा छिमेकीको धाराको पानि प्रयोग ३९ घरपरिवारले गरेका छन् भने कूवा, जरुवा र ईनारको पानी प्रयोग गर्ने परीवार ४८ रहेका छन । तलको तालिकामा खानेपानीको स्रोतको विवरणलाई देखाइएको छ ।

**तालिका नं ९.१ खानेपानीको अवस्था**

| सि.न | खानेपानीको श्रोत | संख्या |
|---|---|---|
| १ | व्यक्तिगत धारा | ५९३ |
| २ | सार्वजनिक धारा | ६३ |
| ३ | सामुदायिक धारा | १३ |
| ४ | छिमेकीको धारा | ३९ |
| ५ | कूवा, जरुवा र ईनार | ४८ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं ९.१ खानेपानीको अवस्था**




## ९.२ शौचालय तथा प्रकार

यस वडाभित्र वस्ने परिवार संख्या मध्ये ४८ परिवारको आफ्नै शौचालय नभएको हुँदा शौचालयको रुपमा जंगल, नदीको किनार पोखरीको किनारमा तथा खेतको प्रयोग गर्ने गरेको देखिन्छ । यसको प्रमुख कारणहरूमा गरिबी, अशिक्षा, अज्ञानता, जनचेतना आदिको कमी देखिन्छ । यस वडामा भएका ७५९ घर परिवार मध्ये कच्ची शौचालय भएको परिवार संख्या १ छ भने पक्की शौचालय भएको परिवार संख्या ६२९ रहेको देखिन्छ । तलको तालिका र चार्टमा शौचालय र यसको प्रकारको अवस्थालाई स्पष्ट पारिएको छ ।

**तालिका नं.९.२ शौचालय तथा प्रकार**

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | कच्ची | १ |
| २ | साधारण | ९० |
| ३ | पक्की | ६२९ |
| | शौचालय नभएको | ४० |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.९.२ शौचालय तथा प्रकार**





## ९.३ विद्युत सेवा

बिद्युत सुविधाको दृष्टिकोणवाट हेर्दा यस वडा भित्र वसोवास गर्ने ५५० घरपरिवारहरुमा विजुली जडान भएको छैन भने बाँकी २१९ घर परिवारहरुमा विजुली बलेको छ । त्यसै गरि बिद्युत सुविधा नभएका जम्मा परिवार मध्ये १ परीवारले टुकी प्रयोग गर्दछन भने १ परीवारले लालटीनको प्रयोग गरेको देखिन्छ । यस वडा भित्र भएको बिद्युत सुविधा र वैकल्पिक उपायको अवस्थालाई तल दिईएको चार्टहरुमा प्रस्तुत गरिएको छ । यस वडाको कुल जनसंख्या मध्ये ५४० परिवारमा सोलार बत्तीको सेवा उपलब्ध छ । यस्तै यस वडामा बिजुली, टूकी तथा लालटीन प्रयोग गर्नेको संख्या क्रमशः २१९, १ र १ रहेका छन् । तलको तालिका तथा चार्टमा विद्युत सेवा उपलब्ध तथा उपलब्ध नभएको परिवारको विवरणलाई स्पष्ट रुपमा देखाइएको छ ।

**तालिका नं.९.३ विद्युत सेवा**

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | बिजुली | २१९ |
| २ | सोलार | ५४० |
| ३ | टूकी | १ |
| ४ | मैनबत्ती | ८ |
| ५ | लालटिन | १ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.९.३ विद्युत सेवा**





## ९.४ खाना पकाउन प्रयोग गरिने इन्धनको विबरण

यस वडामा खाना पकाउने इन्धनको रुपमा दाउरा अत्यधिक प्रयोगमा रहेको छ भने एल.पि ग्याँस यहाँका दोस्रो प्रमुख इन्धनको रुपमा रहेको छ। यहाँका ४९९ घरपरिवार संख्याले दाउरा प्रयोग गर्ने गरेका छन् र यो संख्या कुल घरपरिवारको ६५.५ प्रतिशत हुन आउछ। यस्तै यस वडाको अन्य इन्धनको रुपमा वायोग्याँस पनि रहेको छ जुन ८३ घरपरिवारले प्रयोग गर्ने गरेका छन्। यो संख्या कुल घरपरिवारको ११.४ प्रतिशत हुन आउछ त्यसैगरी एल.पि ग्याँस १६३ परीवारले प्रयोग गर्ने गरेका छन् ।यस वडाका घरपरिवारले मट्टितेल, गुइठा अत्यन्त न्युन प्रयोग गरेका छन् भने बिजुलीको प्रयोग गरेको नै छैन। खाना पकाउने इन्धनको किसिम सम्वन्धी विवरण तलको तालिकामा दिईएको छ।

**तालिका नं.९.४ खाना पकाउन प्रयोग गरिने इन्धनको विबरण**

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | दाउरा | ४९९ |
| २ | गोवरग्याँस | ८३ |
| ३ | एल.पि. ग्याँस | १६३ |
| ४ | विद्युत | १ |
| ५ | अन्य | ३ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.९.४ खाना पकाउन प्रयोग गरिने इन्धनको विबरण**




## ९.५ खाना पकाउन प्रयोग गरिने दाउराको स्रोतको विबरण

इन्धन मानिसको जिवनमा नभई नहुने कुरा हो । यसका लागि मानिसहरुले एल् पी ग्यास, मट्टितेल, दाउरा र अन्य प्रकारका श्रोतहरुको प्रयोग गर्ने गर्दछन् । यस वडाका मानिसहरुले खाना पकाउन प्रयोग गर्ने गरेको इन्धन दाउराको श्रोत  तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.९.५ खाना पकाउन प्रयोग गरिने दाउराको स्रोतको विबरण**

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | निजी वन | १ |
| २ | सामुदायिक वन | ४९८ |

माथिको तालिकामा खाना पकाउन प्रयोग गरिने दाउराको श्रोतको विवरण दिइएको छ । यसमा यस वडाका १ घर परिवारले निजी बन र ४९८ परिवारले सामुदायिक वन  को दाउराले खाना पकाउने गरेका छन् । यसबाट वन विनास हुने क्रम स्पष्ट हुने गर्दछ । यसका लागि यहाँका स्थानीय मानिसहरुलाई दाउराका विकल्पमा वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।


## ९.६ चूल्होको प्रकार

यस वडाका मानिसहरुले खाना पकाउन प्रयोग गर्ने गरेको चूल्होका  प्रकार तलका तालिकामा दिईएको छ । यस वडाका ४७३ घर परिवारले अगेनो वा माटोको चूल्हो र २४९ परिवारले ग्याँस चूल्हो बाट खाना पकाउने गरेका छन् । यसबाट वन विनास हुने क्रम स्पष्ट हुने गर्दछ । यसका लागि यहाँका स्थानीय मानिसहरुलाई दाउराका विकल्पमा वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्ने देखिन्छ ।

**तालिका नं.९.६ चूल्होको प्रकार**

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | अगेनो वा माटोको चूल्हो | ४९९ |
| २ | धुवारहीत चुल्हो | १ |
| ३ | स्टोभ | २ |
| ४ | ग्याँस चूल्हो | २४९ |
| ५ | विद्युत चुल्हो | १ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.९.५ चूल्होको प्रकार**




## ९.६ सञ्चारका साधनहरु

समाज विकासको क्रममा विसौं शताब्दीको अन्त्यमा आएर औद्योगिक समाज सुचना समाजमा परिणत भएको छ । रेडियो, टेलिफोन, मोवाइल, फ्याक्स, भु उपग्रह, कम्प्युटर, टेलिभिजन आदिको विकास तथा इमेल र इन्टरनेटजस्ता सुविधाका कारण अहिलेको युग सुचना र संचारको युग हुन पुगेको छ । विश्वको एक कुनाबाट अर्को कुनामा सुचनाको आदान प्रदान सजिलैसँग हुने भएको ले एउटा सानो गाँउ विश्वग्राममा परिवर्तन भएको छ । आज विश्वमा यातायात र संचारको साधनको अत्यधिक मात्रामा विकास भएको छ । यसले गर्दा विश्व व्यापक पनि बनेको पाइन्छ । कुनै पनि मुलुकको एउटा कुनामा बसेर पनि विश्वका प्राय सवै घटना र सूचनाका बारेमा जानकारी सजिलैसँग संचारका साधनका माध्यमबाट नै पाउन सकिन्छ। सुचना तथा संचारको हकमा समाज अत्यन्तै उच्च तहमा फड्को मारिसकेको अबस्थामा यस वडाको अबस्था तथा पहुच लाइ तलको तालिका मा यसरि प्रस्तुत गरिएको छ ।

**तालिका नं.९.६ सञ्चारका साधनहरु**

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | रेडियो क्यासेट | १ |
| २ | टि.भि | ४६३ |
| ३ | टि.भि,.रेडियो क्यासेट, मोवाईल | ७२ |
| ४ | कम्प्युटर, टि.भि,.रेडियो क्यासेट, मोवाईल | २७ |
| 5 | कम्प्युटर, टि.भि,.रेडियो क्यासेट, मोवाईल ,अन्य | २ |
| 6 | रेडियो , मोवाईल, टि.भि अन्य | ७ |
| 7 | रेडियो क्यासेट, मोवाईल, | ७६ |
| 8 | रेडियो क्यासेट, मोवाईल कम्प्युटर | २ |
| 9 | मोवाईल, टि.भी | ९६ |
| 10 | टि.भी, मोवाईल, कम्प्युटर | ९ |

| | | |
|---|---|---|
| 11 | मोवाईल, कम्प्युटर | ४ |
| | जम्मा | ७५९ |

माथिको तालिकामा देखाइए अनुसार यस वडामा रेडियो, टेलिभिजन र मोबाइलको प्रयोग गर्ने मानिसहरुको संख्या निकै बढी रहेको देखिन्छ । यस वडाका १ घरपरिवारका मानिसहरुले रेडियोक्यासेट प्रयोग गर्ने गरेको देखिएको छ । यसैगरी अधिकांश ४६३ घरपरिवारले टेलिभिजनको प्रयोग गरेका छन् भने टि.भि,.रेडियो क्यासेट, मोवाईलप्रयोग गर्ने परिवार संख्या ७२ रहेको छ ।

## ९.७ यातायातको सुविधा तथा साधनको अवस्था

तिब्र गतिमा चल्ने र उड्ने यातायातका साधानका कारणले कुनै पनि स्थानको मानिस सजिलैसँग एक स्थानबाट अर्को स्थानमा पुग्न सक्दछ । यस वडामा यातायातको सुविधा तथा साधन नभएको घरपरिवार संख्या १६१ रहेका छन् । यस्तै कुनै एउटा सुविधा भएका घरपरिवार संख्या ५९८ रहेका छन्। यस वडामा साइकल तथा मोटरसाइकल प्रयोगकर्ता धेरै रहेका छन् जसको घरपरिवार संख्या क्रमशः ५५३ र १५५ रहेको छ । टयाक्टर र बस, ट्रक भएका घरपरिवार मात्र १२ र ४ रहेका छन् । तलको तालिका तथा स्तम्भचित्रमा यातायातका साधनको विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं ९.७ यातायातको सुविधा तथा साधनको अवस्था**

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | साइकल | ५५३ |
| २ | मोटरसाइकल | १५५ |
| ३ | ट्याक्सी, जिप | २ |
| ४ | बस, ट्रक | ४ |
| ५ | टयाक्टर | १२ |

**डायग्राम नं ९.६ यातायातको सुविधा तथा साधनको अवस्था**





## ९.८ घर पुग्नको लागि वाटो सम्बन्धि विबरण

यस वडाभित्र रहेका ७५९ घरपरीवार मध्ये ७ घरपरीवारमा गोरेटो बाटोको सुबीधा रहेको छ भने ६६६ घरपरीवार कच्ची सडकको सुबीधाबाट लाभान्वित रहेका छन् त्यसैगरी ८६ घरपरीवार पक्की सडक को सुत गरीएको छ ।

**तालिका नं.९.८ घर पुग्नको लागि वाटो सम्बन्धि विबरण**

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | गोरेटो | ७ |
| २ | कच्ची सडक | ६६६ |
| ३ | पक्की सडक | ८६ |
| | जम्मा | ७५९ |

**चार्ट नं. ९.७ घर पुग्नको लागि वाटो सम्बन्धि विबरण**





## ९.९ फोहोरमैला व्यबस्थापन

फोहोरमैला व्यवस्थापनमा यस वडाका वडावासीमा अझै पनि फोहोरमैला लाइ कसरी व्यवस्थापन गर्ने भन्ने कूराको ज्ञानको कमी भएको देखीन्छ । जसको फलस्वरुप मानिसको स्वास्थ्यमा प्रतिकूल असर त पर्छ नै, यसको अलावा वडाको सुन्दरतामा समेत कमी हुन आउछ । यसका लागी समय समयमा विभिन्न किसिमका कार्यक्रम संचालन गरेमा फोहोरमैला व्यवस्थापनमा विकास हुन गई वडालाई सफा, स्वच्छ तथा हरियाली वनाउन सकिन्छ । खानेपानी तथा सरसफाइ संवन्धी सहभागीतामुलक योजना निर्माण गरि यो वडा खुलादिशा मुक्त घोषणा भएको भए तापनि यस्को उचित सम्मान अझ हुन सकेको देखिदैन यस स्थानमा वसोवास गर्ने अधिकांस घरपरिवारले घरवाट निस्कने फोहोरनिश्चत स्थानमा फाल्ने गरेको पाइन्छ । यसका अलावा केही घरपरिवारले खोला, कूलोमा फाल्ने गर्ने गरेको पाइएकोछ भने केही घरपरिवारले घरवाट निस्कने फोहोरलाई कम्पोष्ट मल वनाउने गरेका छन । फोहोर फाल्ने ठाँउको उचित व्यवस्थापन नहुदा तथा यस सम्वन्धी चेतना कम हुदा फोहोरकै कारणवाट विभिन्न किसिमका रोग लाग्ने गरेको पाइन्छ । यस वडामा वसोवास गर्ने घरपरिवारले आफ्नो घरवाट निस्कने फोहोरलाई कसरी व्यबस्थापन गरेका छन् भन्ने कुरा तलको तालिका तथा स्तम्भ चित्रमा देखाइएको छ ।

**तालिका न.९.९ फोहोरमैला व्यबस्थापन**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | फोहर थुपार्ने ठाँउमा | १११ |
| २ | आफ्नै कम्पाउण्डमा | ५६ |
| ३ | कम्पोष्ट मल बनाईन्छ | ५८९ |
| ४ | नदी वा खोल्सामा | ३ |
| | **जम्मा** | **७५९** |

डायग्राम **न.९.८ फोहोरमैला व्यबस्थापन**



## परिच्छद दश :प्रकोप व्यबस्थापन

### १०.१ प्रकोपबाट भएको क्षति सम्बन्धि विबरण

अचानक प्राकृतिमा हुने असामान्य गतिविधीका कारण उत्पन्न भएका घटना वा नकारात्मक परिणामलाइ प्राकृतिक प्रकोप भनिन्छ । प्राकृतिक प्रकोपहरु मुख्य गरी निम्न प्रकारका हुन्छन् :

- भुकम्प
- आँधिहुरी
- बाढी
- पहिरो
- आगजनी
- डढेलो
- हैजाको माहामारी

अतिवृष्टि, बाढीपहिरो, भुकम्प, ज्वलामुखी विष्फोट आदि प्रकोपहरु प्रकृति सिर्जित प्रकृतिक प्रकोप हुन् तर सवै किसिमका प्राकृतिक प्रकोपहरु प्राकृतिक कारणले मात्र हुदैनन् । मानविय लापरवाहीका क्रियाकलापहरुबाट पनि प्राकृतिक प्रकोप हुन सक्छ, जस्तै वनजङ्लमा आगजनी हुनु बाँध फुट्नु, बाढीपहिरो जानु आदि । यस्ता प्राकृतिक प्रकोपहरु रोकथाम र न्युनिकरणमा हामी सबैको समान जिम्मेवारी हुन्छ । तसर्थ, हामी सबैले विभिन्न किसिमका सम्भाव्य विपत्का कारणहरुको रोकथाम र न्युनिकरणका लागि घरपरिवार र समाजमा जनचेतना जगाउनु पर्छ । साथै सम्भाव्य विपत्को तयारीका बारेमा सधै सचेत रहनु पर्ने हुन्छ ।

बाढीपहिरो आएर धनजनको क्षति हुनु भनेको प्राकृतिक विपत् हो र घरजग्गा खोलाको नजिक हुनु भनेको बाढीको जोखिममा हुनु हो । त्यसैगरी निजी घरहरु, कलकारखानाहरु, बाँध र खेती बाली भएका स्थानहरु बाढी पहिरोका लागि अति नै खतरा पूर्ण ठाउँहरु हुन । बाढी पहिरो आएमा त्यहाँको समुदाय नै सङकटमा पर्छ । प्राकृतिक प्रकोपका अलवा मानव सिर्जित विपत् जस्तै बम विस्फोटन रासायनिक दुर्घटना, सडक दुर्घटना, युद्ध, हिंसा, आतङ्क, आदिले पनि हाम्रो जिवनमा नकारात्मक असर पार्ने हुँदा यस्ता विपत्बाट सधैं सजग र होसीयार हुनु पर्दछ । २०७२ सालमा गएको महा भुकम्पबाट माडी नगरपालिका पनि प्रभावित भएकोछ । यस प्राकृतिक प्रकोप बाट धनजन तथा मानसिक विचलनका समस्याहरु देखापरेका छन । यस समस्या हरुको समयमानै निराकरण नभएको अवस्थामा यस समस्याले अझ बृहत रुप लिइ मानविय जिवन लाइ नै कष्टकर बनाउदछ ।

यसको रोकथाम तथा निवारणका लागि प्राकृतिक श्रोतहरुको संरक्षणका लागि स्थानिय स्तरमा गरिने त्रियाकलापहरु जस्तै वृक्षारोपण, वातावरणीय सरसफाइ, वनफँडानी रोकथाम सम्बन्धी कार्यक्रमहरुमा सहभागी भइ आफ्नो जिम्मेवारी बहन गर्नका लागि समेत प्रोत्साहन गर्दै जानु पर्दछ ।

२०७२ साल बैशाख १२ गते आएको विनासकारी भुकम्प बाट यो वडापनी अछुतो रहेको छैन। प्राकृतीक प्रकोपको भयानक रुपको शिकार यस वडाका १६ घरपरीबार भएका छन् । ५००० देखी ३००००० सम्मको क्षती भएको यस वडाका १४ घरपरीबारले सरकारबाट पहिलो किस्ताको राहत पाएका छन् भने अन्य २ घरपरीवारले हाल सम्म पनी कुनै किसिमका सरकारी अनुदान पाएका छैनन् । भुकम्पबाट शिकार भएर घरबार बिहिन भएका यि भुकम्प पिडितहरु हाल आफैले अस्थाई टहरा निर्माण गरी जिवन निर्वाह गरेका छन् ।

## १०.२ बस्ति नजिक भएको प्रकोप सम्बन्धी बिवरण


दैवीय प्रकोपले मानिसहरुलाई बेलाबेलामा सताउने पनि गर्ने गर्दछ । बेलाबेलामा आईपर्ने दैवी प्रकोपमा मुख्य रुपमा बाढी, पहिरो, तथा महामारी पर्दछन् । यस वडा अन्य प्रकोपको संभावना रहेको भए तापनि बाढी र पहिरोको प्रकोपको संभावना भने बढि रहेको देखिन्छ ।

यस वडा भित्र सकंलन गरिएको तथ्याङ्कहरूलाई अध्ययन तथा विश्लेषण गर्दा १२१ परिवारमा प्राकृतिक प्रकोपको प्रभाव रहेको छ भने ६०५ परिवारहरुमा प्रकोपको खतरा नरहेको देखिन्छ । यसको अवस्थालाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं.१०.१ बस्ति नजिक भएको प्रकोप सम्बन्धी बिवरण**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | प्रकोपको खतरा छ | १२१ |
| २ | प्रकोपको खतरा छैन | ६३८ |
| | **जम्मा** | ७५९ |

**डायग्राम नं.१०.१ बस्ति नजिक भएको प्रकोप सम्बन्धी बिवरण**





## १०.३ सार्वजनिक स्थलमा भेदभावको अवस्था

यस वडा भित्रगरिएको अध्ययन अनुसार यहां वसोवास गर्ने महिला, दलित, जनजाति तथा पिछडिएको वर्गलाई सार्वजनिक स्थल तथा सभा समारोहमा गरिने व्यवहारलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका नं.१०.२ सार्वजनिक स्थलमा भेदभावको अवस्था**

| क.स | बिवरण | संख्या |
|---|---|---|
| १ | भेदभाव भएको छ | ४ |
| २ | भेदभाव कम भएको छ | ५० |
| ३ | भेदभाव भएको छैन | ७०५ |
| | **जम्मा** | **७५९** |

**डायग्राम नं.१०.२ सार्वजनिक स्थलमा भेदभावको अवस्था**




# सर्वेक्षणका महत्वपुर्ण नतिजाहरु

## जनसंख्या तथा घरधुरी संख्याको विबरण

| जनगणना (२०७४) | | जम्मा | घर परिवार संख्या | औषत परिवार संख्या | लैङ्गीक अनुपात |
|---|---|---|---|---|---|
| पुरुष | महिला | | | | |
| १९८२ | १९६९ | ३९५१ | ७५९ | ५.१ | १०१.४ |

## उमेर समुह तथा लिङ्ग अनुसार वडाको जनसंख्या

| सि.नं. | उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | १ वर्ष भन्दा मुनी | ५५ | ५६ | १११ |
| २ | १ - २ वर्षसम्म | ६४ | ७१ | १३५ |
| ३ | ३ - ५ वर्षसम्म | ८७ | ९३ | १८० |
| ४ | ६ - ७ वर्षसम्म | ६४ | ७२ | १३६ |
| ५ | ८ - ९ वर्षसम्म | ६७ | ६५ | १३२ |
| ६ | १० - १४ वर्षसम्म | १५६ | १४५ | ३०१ |
| ७ | १५ – १६ वर्षसम्म | ५७ | ६६ | १२३ |
| ८ | १७ - १८ वर्षसम्म | ७४ | ७४ | १४८ |
| ९ | १९ - २० वर्षसम्म | ७८ | ८१ | १५९ |
| १० | २१ - २४ वर्षसम्म | १९७ | १५७ | ३५४ |
| ११ | २५ - २९ वर्षसम्म | २२४ | १९३ | ४१७ |
| १२ | ३० - ३४ वर्षसम्म | १५७ | १९६ | ३५३ |
| १३ | ३५ - ३९ वर्षसम्म | १२९ | १५३ | २८२ |
| १४ | ४० - ४४ वर्षसम्म | १०८ | ११८ | २२६ |
| १५ | ४५ - ४९ वर्षसम्म | ९४ | ८६ | १८० |
| १६ | ५० - ५४ वर्षसम्म | ९६ | ९२ | १८८ |
| १७ | ५५ - ५९ वर्षसम्म | ६८ | ६७ | १३५ |
| १८ | ६० - ६४ वर्षसम्म | ५७ | ५५ | ११२ |
| १९ | ६५ - ६९ वर्षसम्म | ४७ | ४० | ८७ |
| २० | ७० - ७४ वर्षसम्म | ५२ | ५४ | १०६ |
| २१ | ७५ माथि | ३८ | ४८ | ८६ |
| जम्मा | | १९६९ | १९८२ | ३९५१ |

## वडामा बसोबास गर्ने बिभिन्न जातजातीको विबरण :

| क्र.सं. | जातियता | परिवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | ब्राह्मण | १७८ | ९४७ |
| २ | थारु | ३८९ | १९३२ |
| ३ | कामी | ५५ | ३४० |
| ४ | क्षेत्री | १७ | ९६ |
| ५ | तामाङ | १२ | ६० |
| ६ | गुरुङ | १० | ६२ |
| ७ | दमाई | ८ | ४७ |
| ८ | सार्की | २९ | १५७ |
| ९ | वोटे | २ | ६ |
| १० | मगर | १५ | १०० |
| ११ | नेवार | ६ | ३७ |
| १२ | दोराई | ५ | १८ |
| १३ | सन्यासी | १ | ४ |

| | | | |
|---|---|---|---|
| १४ | कुमाल | २ | १२ |
| १५ | अन्य | ३० | १३३ |
| | **जम्मा** | **७५९** | **३९५१** |

## मुख्य धर्म

| क्र.स | धर्म | घरपरिवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | हिन्दु | ७३२ | ३८०० |
| २ | वौद्ध | २० | ११३ |
| ३ | क्रिश्चीयन | ६ | ३२ |
| ४ | अन्य | १ | ६ |
| | जम्मा | **७५९** | **३९५१** |

## मातृभाषाको आधारमा जनसंख्याको विबरण

| क्र.स | मातृभाषा | घरपरीवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | नेपाली | ३०० | १६६२ |
| २ | हिन्दी | १ | ७ |
| ३ | थारु | ३८६ | १९०७ |
| ४ | मगर | १५ | १०० |
| ५ | नेवारी | १ | ३ |
| ६ | गुरुगं | १० | ६२ |
| ७ | तामागं | १० | ४८ |
| ८ | बोटे | २ | ६ |
| ९ | अन्य | ३४ | १५६ |
| | **जम्मा** | **७५९** | **३९५१** |

## घरको प्रकारको आधारमा घरपरीवारको विबरण

| क्र.स | घरको प्रकार | संख्या |
|---|---|---|
| १ | कच्ची र झूप्रो | ३५२ |

| | | |
|---|---|---|
| २ | ढुंगा माटो र खरको छाना | ४२ |
| ३ | ढुंगा माटो र टिनको छाना/ढुंगाको छाना | १२९ |
| ४ | प्लाष्टर गरिएको र टिनको छाना | ११९ |
| ५ | इटा र ढलानको छाना | ११७ |
| | **जम्मा** | **७५९** |

## ४.२ घरको स्वामित्वको आधारमा घरपरीवार संख्याको विवरण

| क.स | स्वामित्व | परीवार संख्या | जनसंख्या |
|---|---|---|---|
| १ | निजी/ आफ्नै घर | ७१९ | ३७६७ |
| २ | बहालमा | १ | ३ |
| ३ | अरु संग मिलेर बसेको | १२ | ५४ |
| ४ | सुकुम्बासी | १० | ५० |
| ५ | अन्य | १७ | ७८ |
| | **जम्मा** | **७५९** | **३९५१** |

### बसाई सराईको अवस्था

| सि.नं. | वसाई सराई | परिवार संख्या |
|---|---|---|
| १ | ३० वर्ष भन्दा पहिले | ६ |
| २ | २१ वर्ष देखि ३० वर्ष भित्र | २ |
| ३ | ११ वर्ष देखी २० भित्र | १६ |
| ४ | १० बर्ष भित्र | ५७ |
| ५ | बसाई सराई गरी आएको हैन | ६७८ |
| **जम्मा** | | **७५९** |

### जमिनको स्वामित्व सम्बन्धी विवरण

| क.स | बिवरण | संख्या |
|---|---|---|
| १ | महिला | १०७ |
| २ | पुरुष | ६५२ |
| | **जम्मा** | **७५९** |

### घरायासी काममा लैगिंक भुमीका

| कार्य | महिला | पुरुष | दुबै |
|---|---|---|---|
| घर व्यवहार सम्बन्धी विषयमा निर्णय | ६४ | १५६ | ५०६ |
| घरायसी काममा संलग्न | ३६२ | ३० | ३३४ |
| वैंकमा खाता संचालन | २०९ | १५१ | ३६६ |
| उपभोक्ता समितिमा सहभागिता | २२७ | १४२ | ३५७ |
| विद्यालय व्यवस्थापनमा सहभागिता | २४५ | १२० | ३६१ |

### शैक्षिकस्तरको विवरण

| क.स | शैक्षिकस्तर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | निरक्षर | १८९ | २७५ | ४६४ |
| २ | साक्षर | ५७० | ६७७ | १२४७ |
| ३ | मा.वि. स्तर | ७७७ | ७२४ | १५०१ |
| ४ | एस.एल.सी पास | २७४ | १८१ | ४५५ |
| ५ | प्रविणता प्रमाण पत्र | १०१ | ९१ | १९२ |
| ६ | स्नातक | ३६ | २२ | ५८ |
| ७ | डिग्री | २२ | १२ | ३४ |
| ८ | पि एच डि | ० | ० | ० |
| | **जम्मा** | १९६९ | १९८२ | ३९५१ |

**५.२ लिङ्ग तथा जनसंख्याको आधारमा  साक्षरता सम्वन्धी विवरण**

| लिगं (साक्षरता प्रतिशत) | माडी नगरपालिका | वडा नं ४ |
|---|---|---|
| महिला | ६३.८ | ८९.८ |
| पुरुष | ७७.४ | ८५.५१ |
| जम्मा | ७०.०७ | ८७.६ |

**विद्यालयमा पढ्ने बालबालिकाको संख्या**

| क्र.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | १२६ |
| २ | वालिका | ९७ |
| ३ | ५–१६वर्ष सम्मका केटा | २३२ |
| ४ | ५–१६वर्ष सम्मका केटी | २१२ |
| | **जम्मा** | ६६७ |

**५.४ विद्यालय भर्ना नभएका बालबालिकाको संख्या**

| क्र.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | ६७ |
| २ | वालिका | ६१ |
| ३ | ५–१६वर्ष सम्मका केटा | ५ |
| ४ | ५–१६वर्ष सम्मका केटी | ३ |
| | **जम्मा** | १३६ |

**बालबिकास केन्द्रमा भर्ना भएका बालबालिकाको संख्या**

| क्र.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | २८ |

| | | |
|---|---|---|
| २ | वालिका | ३२ |
| | **जम्मा** | ६० |

## पढाइको बिचमा विद्यालय छाड्नेको संख्या

| क.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | ४ |
| २ | वालिका | ६ |
| ३ | ५–१६वर्ष सम्मका केटा | ८ |
| ४ | ५–१६वर्ष सम्मका केटी | ८ |
| | **जम्मा** | २६ |

## विद्यालय छाड्नुको कारण

| क.स | विद्यालय छाड्नुको कारण | संख्या |
|---|---|---|
| १ | पैसा तिर्न नसकेर | १५ |
| २ | विरामी भएर | १ |
| ३ | पढ्न मन नलागेर | ६ |
| ४ | घरमा हेरचाह गर्ने नभएर | ३ |
| ५ | वावू आमालाई घरको काममा सघाउन | १ |
| ६ | छोड्न नपरेको | ७३३ |
| | **जम्मा** | ७५९ |

## तालिका नं.५.८ विद्यालय जान लाग्ने समय

| क.स | विद्यालयको स्तर | लाग्ने समय (मिनेटमा) |
|---|---|---|
| १ | प्रा.वि. | २०–६० |
| २ | नि.मा.वि. | ३०–६० |
| ३ | मा.वि. | ३०–६० |
| ४ | उच्च मा.वि. | ३०–६० |

## शैक्षिक संस्थाहरु अनुसार बालबालीका पढ्उने घरपरिवारको विबरण

| क.स | शैक्षिक संस्थाहरुको विबरण | घरपरीवार संख्या |
|---|---|---|
| १ | सरकारी | ५४९ |
| २ | नीजि | १९७ |
| ३ | सामूदायिक | १३ |
| | **जम्मा** | ७५९ |

## अपांगताको आधारमा जनसंख्याको विबरण

| क.सं. | भिन्न क्षमताको विवरण | वालक | वालिका | जम्मा |
|---|---|---|---|---|
| १ | सुस्त श्रवण | ० | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| २ | वौद्धिक अपांग वा सूस्त मनस्थिति | १ | ० | १ |
| | **जम्मा** | १ | १ | २ |

## कुलतमा फसेका बालबालिकाको विबरण

| क्र.स | कुलतको प्रकार | संख्या |
|---|---|---|
| १ | चुरोट (धुम्रपान) | १६ |

## कुपोषणको अवस्था

| क्र.स | लिगं | संख्या |
|---|---|---|
| १ | वालक | ३८ |
| २ | वालिका | ८ |
| | **जम्मा** | ४६ |

## बिरामी हुदाँ जाने स्वास्थ्य केन्द्र सम्बन्धी विबरण

| क्र.स | बिरामी हुदाँ जाने स्थानको बिवरण | संख्या |
|---|---|---|
| १ | सरकारी अस्पताल | ६६३ |
| २ | निजी क्लिनीक | ६५ |
| ३ | स्वास्थ्य केन्द्र | २६ |
| ४ | लामा झाक्री | ५ |
| | **जम्मा** | ७५९ |

## स्वास्थ्य संस्था जान लाग्ने समय

| सि न | स्वास्थ्य संस्था | पुग्न लाग्ने समय |
|---|---|---|
| १ | उपस्वास्थ चौकी | ३० देखी मि ६० |
| २ | अस्पताल | ३० देखी मि ६० |

## समुदायमा देखिने प्रमुख रोगहरु

| क्र.स | प्रमुख रोगहरु | घरपरीवार संख्या |
|---|---|---|
| १ | ज्वरो | ७५४ |
| २ | झाडा वान्ता, पखला | १ |
| ३ | निमोनिया | २ |
| ४ | अन्य | २ |
| | **जम्मा** | ७५९ |

## दिर्ध रोगबाट पिडितको संख्या

| सि न | प्रमुख रोगहरु | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | क्षयरोग | १ | २ | ३ |
| २ | क्यान्सर | १ | १ | २ |
| ३ | एड्स | ० | ० | ० |
| ४ | चिनीरोग | ४ | १० | १४ |

| | | | | |
|---|---|---|---|---|
| ५ | अन्यरोग | १६ | ७ | २३ |
| | **जम्मा** | २२ | २० | ४२ |

**गर्भावस्थामा स्वास्थ्य परिक्षणको अवस्था**

| सि न | बिवरण | परीवार संख्या |
|---|---|---|
| १ | छ | ३६८ |
| २ | छैन | ३९१ |
| | **जम्मा** | ७५९ |

**मातृ स्वास्थ्य सम्वन्धी विवरण**

| सि.न | स्थान | संख्या |
|---|---|---|
| १ | सरकारी अस्पताल | ६४६ |
| २ | निजी क्लिनीक | २६ |
| ३ | स्वास्थ्य उपचार केन्द्र | ७९ |
| ४ | घरमानै | ५ |
| ५ | जहां पनि हून सक्छ | १ |
| ६ | थहा छैन | २ |
| | **जम्मा** | ७५९ |

**परिवार नियोजन सम्बन्धि विबरण**

| सि.न | विवरण | घर परीवार संख्या |
|---|---|---|
| १ | अस्थायी साधन | ६० |
| २ | स्थायी वन्ध्याकरण महिला | २० |
| ३ | स्थायी वन्ध्याकरण पूरुष | ११ |
| ४ | परिवार नियोजन नगरेको | ६६८ |
| | **जम्मा** | ७५९ |

**एच. आई. भि /एड्स वारेमा जानकारी भएको परिवार संख्याको अवस्था**

| क.स | विवरण | परीवार संख्या |
|---|---|---|
| १ | थाहा छ | ६९५ |
| २ | थाहा छैन | ६४ |
| | **जम्मा** | ७५९ |

**मुख्य पेशा**

| क.स | पेशा | महिला | पुरुष | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | ७५८ | ११५४ | १९१२ | ४५.९ |
| २ | व्यापार | ५८ | ७१ | १२९ | ३.४ |
| ३ | नोकरी | १०० | ४७ | १४७ | ३.९ |
| ४ | ज्यामी सिपयुक्त | ३२ | १६ | ४८ | १.३ |
| ५ | वै. रोजगार | १४ | २२३ | २३७ | ६.३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ज्यामि | ९ | ३ | १२ | ०.३ |
| ७ | पशुपालन | ५ | ६ | ११ | ०.३ |
| ९ | विधार्थी | ५४० | ५०५ | १०४५ | २७.७ |
| | अन्य | २३७ | १७३ | ४१० | १०.९ |
| | **जम्मा** | **१९३४** | **१९४५** | **३९५१** | **१००.०** |

**खाद्यान्नको अवस्था सम्बन्धी विवरण**

| क्र.स | अन्नवाली उत्पादनको अबस्था | संख्या |
|---|---|---|
| १ | ३ महिना भन्दा कम | १३ |
| २ | ३ देखी ६ महिना | ४१ |
| ३ | ६ देखी ९महिना | ८३ |
| ४ | ९ देखी १२महिना | ४५५ |
| ५ | आफ्नो उत्पादन खान पुगेर वेच विखन गने | ९५ |
| | आफ्नो उत्पादन छैन | ७२ |
| | **जम्मा** | **७५९** |

**औषत मासिक पारिवारिक आम्दानी**

| क्र.स | औषत मासिक पारिवारिक आम्दानी | घरपरीवार संख्या |
|---|---|---|
| १ | १००० भन्दा कम | १५७ |
| २ | १००० देखि २००० | ७० |
| ३ | २००१ देखि ३००० | ६४ |
| ४ | ३००१ देखि ५००० | ७५ |
| ५ | ५००१ देखि १०००० | १३९ |
| ६ | १०००० देखि १५००० | १०८ |
| ७ | १५००० देखि २५००० | ९० |
| ८ | २५००० भन्दा माथि | ५६ |
| | **जम्मा** | **७५९** |

**औषत मासिक पारिवारिक बचत**

| क्र.स | औषत मासिक पारिवारिक बचत | संख्या |
|---|---|---|
| १ | शुन्य | २६५ |
| २ | ५०० देखि १००० | ३७२ |
| ३ | १००१ देखि २००० | ५८ |
| ४ | २००१ देखि ३००० | २६ |
| ५ | ३००१ देखि ५००० | १९ |
| ६ | ५००१ देखि १०००० | ७ |
| ८ | १०००१ भन्दा माथि | १२ |
| | **जम्मा** | **७५९** |

**वेरोजगारीको अवस्था**

| क्र.स | बेरोजगारीको प्रकार | परिवार संख्या |
|---|---|---|
| १ | सिलाई,बुनाई | ६ |
| २ | विद्युत जडान | ५ |
| ३ | शैक्षिक बेरोजगार | ८ |
| ४ | सवारी चालक | ६ |
| ५ | सिलाई,बुनाई,सवारी चालक | २ |
| ६ | विद्युत जडान, शैक्षिक बेरोजगार | १ |
| ७ | अन्य | १ |
| | **जम्मा** | २९ |

## रोजगारीको लागि बिदेश जानेको विवरण तथा वेरोजगारीको अवस्था

| विदेश गएकाको संख्या | | |
|---|---|---|
| **महिला** | **पुरुष** | **जम्मा** |
| १७ | २९२ | ३०९ |

## पारिवारिक आर्थिक अबस्थाको ऋण आवश्यकता पुरा सम्वन्धी विवरण

| क्र.स | ऋणको श्रोत | संख्या |
|---|---|---|
| १ | वैंक वा वित्तीय संस्था | ५५ |
| २ | सहकारी संस्था | ११५ |
| ३ | समूह वा सामुदायिक संस्था | ८१ |
| ४ | साहू महाजन | १५ |
| ५ | लघुवित वैक | १७ |
| ६ | ऋण नलिएको | ४७६ |
| | **जम्मा** | ७५९ |

## ऋण लिनुको कारण

| क्र.स | ऋण लिनुको कारण | संख्या |
|---|---|---|
| १ | घरायसी कार्य वा घर खर्च | १६१ |
| २ | कृषि तथा पशुपालन | ५१ |
| ३ | उद्योग व्यापार | १८ |
| ४ | वालवच्चा पढाउन तथा शिक्षा | ५ |
| ५ | औषधि उपचार | ३ |
| | **जम्मा** | २३८ |

## सामाजिक संघ संस्थामा आबद्धताको अबस्था

| क्र.स | सामाजिक संघ संस्था | संख्या |
|---|---|---|
| १ | वचत तथा ऋण समुह | १० |
| २ | कृषि तथा कफि समूह | २ |
| ३ | सामुदायिक वन उपभोक्ता समूह | २ |
| ४ | सहकारी संस्था | ३४ |
| ५ | गैर सरकारी संस्था | ५ |

| | | |
|---|---|---|
| ६ | परामपरागत समुह | १ |
| | जम्मा | ५४ |

## तालिमको प्रकार तथा तालिम प्राप्त गर्नेको बिवरण

| तालिमको नाम | तालिम प्राप्त गर्नेको संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| स्वास्थ्य, परिवार नियोजन | ९१ | ६८ | १५९ |
| जनचेतना, सशक्तीकरण | १३४ | ८५ | २१९ |
| लैगीकं समविकास | ३६ | ३६ | ७२ |
| संस्थागत नेतृत्व | ३२ | ४६ | ७८ |
| खानेपानी सरसफाई | ७० | ७१ | १४१ |
| वन व्यवस्थापन | १० | १७ | २७ |
| **जम्मा** | ३७३ | ३२३ | ६९६ |

## घरेलु हिंसा

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | श्रीमानबाट पीडित/पिटिएका | १ |
| | जम्मा | १ |

## सामाजिक संघसंस्थामा महिलाको आबद्धता

| सि.न | सामाजिक संघसंस्था | संख्या |
|---|---|---|
| १ | वचत तथा ऋण समुह | ७९ |
| २ | सहकारी | २७४ |
| ३ | आमा समुह | १३ |
| ४ | टोल विकास संस्था | ४ |
| ५ | वित्तिय संस्था | ७ |
| | **जम्मा** | ३७७ |

## खानेपानीको अवस्था

| सि.न | खानेपानीको श्रोत | संख्या |
|---|---|---|
| १ | व्यक्तिगत धारा | ५९३ |
| २ | सार्वजनिक धारा | ६३ |
| ३ | सामुदायिक धारा | १३ |
| ४ | छिमेकीको धारा | ३९ |
| ५ | कूवा, जरुवा र ईनार | ४८ |
| | **जम्मा** | ७५९ |

## शौचालय तथा प्रकार

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | कच्ची | १ |
| २ | साधारण | ९० |

| | | |
|---|---|---|
| ३ | पक्की | ६२९ |
| | शौचालय नभएको | ४० |
| | **जम्मा** | **७५९** |

## विद्युत सेवा

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | बिजुली | २१९ |
| २ | सोलार | ५४० |
| ३ | टूकी | १ |
| ४ | मैनबत्ती | ८ |
| ५ | लालटिन | १ |
| | **जम्मा** | **७५९** |

## खाना पकाउन प्रयोग गरिने इन्धनको विबरण

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | दाउरा | ४९९ |
| २ | गोवरग्याँस | ८३ |
| ३ | एल.पि. ग्याँस | १६३ |
| ४ | विद्युत | १ |
| ५ | अन्य | ३ |
| | **जम्मा** | **७५९** |

## खाना पकाउन प्रयोग गरिने दाउराको स्रोतको विबरण

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | निजी वन | १ |
| २ | सामुदायिक वन | ४९८ |

## चूल्होको प्रकार

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | अगेनो वा माटोको चूल्हो | ४९९ |
| २ | धुवारहीत चुल्हो | १ |
| ३ | स्टोभ | २ |
| ४ | ग्याँस चूल्हो | २४९ |
| ५ | विद्युत चुल्हो | १ |
| | **जम्मा** | **७५९** |

## सञ्चारका साधनहरु

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | रेडियो क्यासेट | १ |
| २ | टि.भि | ४६३ |
| ३ | टि.भि,.रेडियो क्यासेट, मोवाईल | ७२ |

| | | |
|---|---|---|
| ४ | कम्प्युटर, टि.भि,.रेडियो क्यासेट, मोवाईल | २७ |
| 5 | कम्प्युटर, टि.भि,.रेडियो क्यासेट, मोवाईल ,अन्य | २ |
| 6 | रेडियो , मोवाईल, टि.भि अन्य | ७ |
| 7 | रेडियो क्यासेट, मोवाईल, | ७६ |
| 8 | रेडियो क्यासेट, मोवाईल कम्प्युटर | २ |
| 9 | मोवाईल, टि.भी | ९६ |
| 10 | टि.भी, मोवाईल, कम्प्युटर | ९ |
| 11 | मोवाईल, कम्प्युटर | ४ |
| | जम्मा | ७५९ |

## यातायातको सुविधा तथा साधनको अवस्था

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | साइकल | ५५३ |
| २ | मोटरसाइकल | १५५ |
| ३ | ट्याक्सी, जिप | २ |
| ४ | बस, ट्रक | ४ |
| ५ | टयाक्टर | १२ |

## घर पुग्नको लागि वाटो सम्बन्धि विवरण

| सि.न | विबरण | संख्या |
|---|---|---|
| १ | गोरेटो | ७ |
| २ | कच्ची सडक | ६६६ |
| ३ | पक्की सडक | ८६ |
| | जम्मा | ७५९ |

## फोहोरमैला व्यबस्थापन

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | फोहर थुपार्ने ठाँउमा | १११ |
| २ | आफ्नै कम्पाउण्डमा | ५६ |
| ३ | कम्पोष्ट मल बनाईन्छ | ५८९ |
| ४ | नदी वा खोल्सामा | ३ |
| | **जम्मा** | **७५९** |

## बस्ति नजिक भएको प्रकोप सम्बन्धी बिवरण

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | प्रकोपको खतरा छ | १२१ |
| २ | प्रकोपको खतरा छैन | ६३८ |
| | **जम्मा** | ७५९ |

## सार्वजनिक स्थलमा भेदभावको अवस्था

| क्र.स | बिवरण | संख्या |
|---|---|---|

| | | |
|---|---|---|
| १ | भेदभाव भएको छ | ४ |
| २ | भेदभाव कम भएको छ | ५० |
| ३ | भेदभाव भएको छैन | ७०५ |
| | **जम्मा** | **७५९** |